का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २४९
❒ १३ कात्तिक २०७८, शनिबार
❒ 30 October 2021, Saturday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।



म्याग्दीको पुलाचौरका किसान बारीमा कोदो टिप्दै । कोदो बाली भित्र्याउन किसानलाई अहिले चटारो छ । तस्वीर: ध्रुवसागर शर्मा

## पेलेर बढे ओली

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ कात्तिक ।



नेकपा एमालेले दशौं राष्ट्रिय महाधिवेशनमा सहभागी हुने संख्या निर्धारण गरेको छ । स्थायी कमिटी बैठकले प्रस्ताव गरेको प्रतिनिधि संख्या र मापदण्ड संशोधन गर्दै शुक्रबार केन्द्रीय बैठक सकिएको छ । स्थायी कमिटीले महाधिवेशनमा १५६३ प्रतिनिधि सहभागी हुने निर्णय गरेको थियो । तर शुक्रबार सकिएको केन्द्रीय कमिटी बैठकले भने यो संख्या १९९९ तय गरेको छ ।

प्रतिनिधि संख्या थप भएसँगै चयन हुने मापदण्ड समेत परिवर्तन भएको छ । महाधिवेशन प्रतिनिधि चयनको मापदण्ड भने स्थायी कमिटी बैठकले गर्ने भएको छ । केन्द्रीय सदस्य निरज आचार्यका अनुसार भूगोल, केन्द्रीय विभाग, केन्द्रीय कार्यालय, जनसंगठन र जेष्ठ कम्युनिष्ट मञ्चबाट सहभागी संख्या थप हुनेछ । यसअघि प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट १५ सय बराबर एक महिला सहित तीन प्रतिनिधि हुने र त्यसबाहेक थप एक हजार सदस्य बराबर एक जना प्रतिनिधि चयन गर्ने प्रस्ता गरिएको थियो । तर शुक्रबारको बैठकले भने दुई हजार बराबर एक महिला सहित चार जना प्रतिनिधि हुने र थप पाँच सय सदस्य बरार एक जना प्रतिनिधि चयन हुनेछ ।

जनसंगठनबाट पाँच/पाँच जना प्रतिनिधि चयन गर्ने प्रस्ताव गरिएको थियो । तर अब ६ वा ७ जना प्रतिनिधि चयन हुनेछ । केन्द्रीय कार्यालय र विभागबाट एक महिला सहित तीन जना प्रस्ताव गरिएकोमा अब पाँच जना हुनेछ । शुक्रबार दशौं महाधिवेशनमा प्रयोग गरिने विद्युतीय मेसिनको नमूनामा मतदान समेत भएको थियो ।

> उपाध्यक्ष भीम रावल र उपमहासचिव घनश्याम भूसालको असन्तुष्टि बीच नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले निर्धारित समयमै महाधिवेशन गर्नेगरी अगाडि बढेका छन् ।

शुक्रबार नै महाधिवेशन मूल आयोजक समितिको बैठक समेत बसेको छ । रामबहादुर थापा बादलको संयोजकत्वमा गठित मूल व्वस्थापन समितिको बैठकले विभागीय समितिहरु गठन गरेको स्थायी कमिटी सदस्य रघुजी पन्तले बताए । उनका अनुसार आवाश, खाद्य, स्वयम् सेवक, प्रचार लगायत १२ समिति गठन भएको छ । यो समितिले चितवनमा हुने महाधिवेशनको तयारी गर्नेछ ।

गएको १५-१७ असोजमा गोदावरीमा एमालेले विधान महाधिवेशन गरेको छ । यो महाधिवेशनबाट एमालेको राजनीतिक, संगठनात्मक र विधान पारित गरेकाले अव दशौं महाधिवेशनबाट नेतृत्व चयन गर्नेछ । तर एमालेभित्र असन्तुष्टि कायमै छ । माओवादी छोडेर आएका र माधव नेपालतिर नगई १० बुँदे गरी एमालेमै बसेका नेताहरु सन्तुष्ट देखिएका छैनन् । दुई केन्द्रीय सदस्य मनोनित गरेपछि माओवादीबाट आएका सबै नेता शुक्रबारको बैठकमा सहभागी थिए ।

तर १० बुँदे गरी एमालेमै बसेका नेताहरु भने असन्तुष्ट छन् । १० बुँदे कार्यान्वयन नभएको भन्दै उपाध्यक्ष भीम रावलले १० बुँदे कार्यान्वयन कार्यदलबाट राजीनामा दिएका थिए । शुक्रबारको बैठकमा समेत उपाध्यक्ष रावलले यो कुरा उठाए । स्रोतका अनुसार, ओली र रावलबीच भनाभन नै भएको थियो । उपमहासचिव घनश्याम भूसालले पनि लिखित असहमति जनाएका छन् । १० बुँदे जस्ताको त्यस्तै कार्यान्वयन हुनुपर्ने भूसालको माग छ । तर ओली भने असन्तुष्ट सम्बोधन नगरी अगाडि बढेका छन् ।

## राजीनामा गर्न अल्टिमेटम

### नेपाल बार एशोसिएशनलेप्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई राजीनामा दिन पाँच दिने अल्टिमेटम दिदै चरणबद्ध आन्दोलनको घोषणा गरेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ कात्तिक ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई पदबाट राजीनामा गर्न अधिवक्ताहरुको छाता संस्था नेपाल बार एशोसिएशनले पाँच दिने अल्टिमेटम दिएको छ । शुक्रबार बसेको कार्य समितिको बैठकले राजीनामा दिन पाँच दिने अल्टिमेटम दिएको हो । अल्टिमेटमभित्र राजीनामा नदिए आन्दोलनमा उत्रिने बारले निर्णय गरेको छ ।

कार्यसमितिको बैठकले राजीनामा नदिए १४ कात्तिकदेखि आन्दोलनमा उत्रने निर्णय गरेको हो । १४ देखि १७ कात्तिकसम्म सर्वोच्च अदालतमा कालोपट्टी बाँधी विरोधमा बस्ने कार्यक्रम बारले सार्वजनिक गरेको छ । १६ कात्तिकमा सर्वोच्च प्राङ्गणनमा धर्ना र विरोधसभा गर्ने भएको छ । बारले ९० वटै बार इकाईमा परिपत्र गरी आन्दोलनको कार्यक्रम गर्न अनुरोध गर्ने भएको छ ।



> सर्वोच्च अदालतको न्याय कार्य सम्पादन पाँच दिनदेखि अवरुद्ध छ । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग्दै न्यायाधीशहरुले इजलासमा नबस्दा न्यायिक सम्पादन अवरुद्ध भएको हो ।

त्यो अवधिमा सबै इकाइका अध्यक्ष र सचिवसँग भर्चुअ्ल बैठक गरी थप आन्दोलनको कार्यक्रम घोषणा गर्ने निर्णय बारले गरेको छ। न्यायिक सुधारका लागि आन्दोलन हुँदा पुग्न असुविधाप्रति बारले माफी समेत मागेको छ। यसअघि बारका पदाधिकारीले प्रधान्यायाधीश जबरासँग छलफलमा समेत राजीनामा गर्न सुझाव दिएका थिए । नेपाल बार र सर्वोच्च बार सँगै चार जना पूर्वप्रधानन्यायाधीश, पूर्वन्यायाधीशहरुले पनि प्रधानन्यायाधीश जबराको राजीनामा मागेका छन् ।

सर्वोच्च अदालतकै न्यायाधीशहरुले पनि जबरालाई राजीनामा गर्न उपयुक्त हुने सुझाव दिएका छन् । तर प्रधानन्यायाधीश जबराले राजीनामा नगर्ने, सके महाअभियोग लगाएर हटाउन चुनौती दिएका छन् । यसपछि गएको सोमबार देखि सर्वोच्च अदालतमा सुनुवाइ रोकिएको छ ।

तर प्रधानन्यायाधीशले दिएको चुनौती जस्तो दलहरुले महाअभियोग लगाउने संकेत गरेका छैनन् । प्रमुख विपक्षी दल एमालेले त प्रधानन्यायाधीशलाई नै साथ दिने संकेत गरेको छ । बिहीबार स्थायी कमिटी र शुक्रबार केन्द्रीय कमिटी बैठक बसेपनि प्रधानन्यायाधीश जबराबारे कुनै निर्णय गरेन । बरु, अध्यक्ष केपी शर्मा ओली र प्रवक्ता प्रदीपकुमार ज्ञवालीले भने राजीनामा दिन उपयुक्त नहुने बताउँदै आएका छन् । ओलीले त प्रधानन्यायाधीश जबराकै जस्तो अभिव्यक्ति दिइरहेका छन् ।

जबराले राजीनामा गर्नुपरे सर्वोच्चका अन्य न्यायाधीशहरुले पनि राजीनामा दिनुपर्ने चुनौती दिएका छन् । सत्तारुढ गठबन्धनका नेताहरुले महाअभियोगबारे छलफल नभएको र यो ठूलो कुरा नभएको बताउने गरेका छन् । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले शुक्रबार मात्रै यसबारे कुनै छलफल नभएको बताए ।

अर्थात् सर्वोच्च बाँकी पृष्ठ २ मा

## नेपाल स्याटेलाइटलाई प्राधिकरणको चेतावनी

### प्राधिकरणका प्रवक्ता सन्तोष पौडेल 'बोर्डले स्पष्टिकरण सोध्ने निर्णय गरेपनि आफूहरुलाई निकै ढिलो जानकारी प्राप्त भएकोले एक दुई दिन भित्रै पठाउने तयारी गरिरहेको जानकारी दिए ।

**राजेश केसी/मध्यान्ह**
काठमाडौं १२ कात्तिक ।

नेपाल दूरसञ्चार प्राधिकरणको सञ्चालक समितिको बैठकले नेपाल स्याटेलाइट प्रालिलाई बक्यौता रकम भुक्तानी नगरेकोमा स्पष्टिकरण सोध्ने तयारी गरेको छ ।

रमाइलो के छ भने धरौटी बापतको दोस्रो किस्ताको रकम '१५ दिनभित्र नबुझाए लाइसेन्स खारेज गर्ने' चेतावनी सहितको स्पष्टिकरण सोध्ने निर्णय प्राधिकरण सञ्चालक समितिले कात्तिक ५ गते गरेको थियो । सञ्चालक समितिले १५ दिनको म्याद तोकेर नै स्पष्टिकरण सोध्ने निर्णय गरे पनि प्राधिकरणले आउंदो आइतबार वा सोमबार मात्र त्यसबारे पत्र बुझाउने तयारी गरिरहेको छ ।

प्राधिरणका एक अधिकारीका अनुसार, कम्पनीले गत असारसम्म दोस्रो किस्ता रुपमा ३३ करोड ९८ लाख रुपैयाँ भुक्तानी गर्नुपर्ने छ । मौखिक रुपमा पटक पटक अनुरोध गर्दा पनि सुनुवाई नभएपछि वोर्ड बैठकले 'लाइसेन्स खारेज किन नगर्ने ?' भन्ने प्रश्न सहित स्पष्टिकरण सोध्ने निर्णय गरेको थियो ।

प्राधिकरणका प्रवक्ता सन्तोष पौडेल 'बोर्डले स्पष्टिकरण सोध्ने निर्णय गरेपनि आफूहरुलाई निकै ढिलो जानकारी प्राप्त भएकोले एक दुई दिन भित्रै पठाउने तयारी गरिरहेको जानकारी दिए । उनका अनुसार पत्र प्राप्त भएको १५ दिन भित्र किस्ता रकम भुक्तानी नगरेमा कम्पनीको लाइसेन्स रद्द हुन्छ ।

चर्चित व्यवसायी अजय सुमार्गीको उक्त स्याटेलाइट कम्पनीले प्राधिकरणलाई फ्रिक्वेन्सी शुल्क, रोयल्टी, ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने रकम, लाइसेन्स नवीकरण शुल्कबापत बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेको छ ।

यसअघि प्राधिकरणले २०७६ साउन १५ गते बक्यौता रकम भुक्तानी नगरेको भन्दै लाइसेन्स रद्दको निर्णय गरेको थियो । तर, मन्त्रिपरिषद्को बैठकले प्राधिकरणको निर्णयलाई उल्टाउँदै अन्तिम मौका स्वरुप सरकारलाई बुझाउनुपर्ने रकम ५ किस्तामा बुझाउनेगरी समय दिएको थियो । त्यो अनुसार प्राधिकरणले बाँकी पृष्ठ २ मा

## विदेशबाट फर्किएका कामदारको दीगो पुन:एकीकरणमा जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ कात्तिक

वैदेशिक रोजगारीमा गएका कामदारको सम्मानजनक स्वदेश दीगो पुन:एकीकरणमा जोड दिँदै स्वदेश फिर्ता आप्रवासी कामदाहरूको सम्मेलन सम्पन्न भएको छ । स्वदेश फिर्ता भएका श्रमिकको पुन:एकीकरणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयलाई मध्यनजर गर्दै सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालले काठमाडौंमा दुईदिने सम्मेलन आयोजना गरेको थियो ।

सम्मेलनले वैदेशिक रोजगारबाट फर्केका श्रमिकहरूका आवाज सुन्ने, पुन:एकीकरणसम्बन्धी हाल भइरहेका कार्यक्रमहरूका बारेमा जानकारी आदान प्रदान गर्ने, पुन:एकीकरणमा देखिएका समस्या पहिचान गर्ने र समाधानका लागि सम्बन्धित निकाय एवं सरोकारवालालाई सझाव प्रस्तुत गर्दै १९ बुँदे काठमाडौं घोषणापत्र जारी गरेको छ ।

घोषणापत्रमा पुन:एकीकरणसम्बन्धी नीति तथा सम्बन्धित ऐन, कानुन तथा निर्देशिकालगायतका नीतिगत तथा संरचनागत व्यवस्था शीघ्र निर्माण गरिनुपर्ने, नीति तथा कार्यक्रमहरू तीन तहको संयन्त्रअनुरूप कार्यान्वयन गरिनुपर्ने, पुन:एकीकरणका क्रियाकलापमा स्थानीय तहको सक्रियता बढाउनुपर्ने पक्षमा जोड दिएको छ ।

त्यसैगरी सम्मेलनले विदेशबाट फर्केका श्रमिकको सीप परीक्षण तथा प्रमाणीकरणको व्यवस्था गरी प्राप्त ज्ञान, सीप तथा अनुभवको भरपुर सदुपयोग हने गरी काम र सेवा सुविधा उपलब्ध गराइनुपर्ने, भारतलगायत विदेशबाट फर्केका श्रमिकको खण्डिकृत तथ्यांक राखिनुपर्नेमा जोड दिएको छ ।

पुन:एकीकरणका विषयलाई गन्तव्य मुलुकसँग गरिने द्विपक्षीय सम्झौता र समझदारीपत्रमा समावेश गर्न पहल गर्नुपर्ने, पुन:एकीकरणसँग सम्बन्धित वा पुन:एकीकरणमा सघाउ पुग्ने गरी सञ्चालित सेवा सुविधा तथा कार्यक्रमहरूका विषयमा व्यापक प्रचार प्रसार गर्नुपर्ने सुझाव पनि सम्मेलनको छ ।

जिम्मेवार निकायको क्षामता अभिवृद्धि गरिनुपर्ने, पुन:एकीकरणका सम्बन्धमा गन्तव्य मुलुकको दायित्व किटान गरिनुपर्ने, वैदेशिक रोजगारीमा गएका व्यक्ति तथा तिनका परिवारलाई सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समावेश गरिनुपर्ने, पुन:एकीकरणका कार्यक्रमहरू व्यक्तिको सीप एवं दक्षता, आवश्यकता र रुची, स्थानीय परिवेश र प्राथमिकतामा आधारित हुनुपर्ने लगायतका सुझाव घोषणापत्रमा बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## मन्त्री श्रेष्ठको सम्मानमा तनहूँ सेवा समाज यूएईद्वारा स्वागत कार्यक्रम

**दुबई, यूएई/मस–** तनहूँ सेवा समाज यूएईले तनहूँबाट संघीय संसदमा प्रतिनिधित्व गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीजस्तो गरिमामय पदमा पुगेका कृष्ण कुमार श्रेष्ठ (किसान) को सम्मानमा स्वागत तथा भेटघाट कार्यक्रम गरेको छ ।

अबुधावी डायलगको छैटौं मन्त्रीस्तरीय बैठकमा सहभागी हुन यहाँ आएको मौका पारेर समाजका कार्यवहाक अध्यक्ष सुरिन भुजेलको सभापतित्वमा मन्त्री श्रेष्ठलाई प्रमुख अतिधिको रुपमा बिहीबार साँझ सम्मान र भेटघाट कार्यक्रम गरेको हो । कार्यक्रममा मन्त्री श्रेष्ठकी श्रीमती अन्जु श्रेष्ठ र छोरा अंकुश श्रेष्ठलाई विशेष अतिथिको रुपमा स्वागत गरिएको थियो । कार्यक्रममा तनहूँ सेवा समाज युएईका संरक्षक दिपक खड्का, वरिष्ठ सल्लाहकार भिम बाँकी पृष्ठ २ मा

## इन्धनको मूल्यवृद्धि

**काठमाडौं/मस–** सरकारले फेरि इन्धनको मूल्य वृद्धि गरेको छ । शुक्रबार मध्यरातिबाट लागू हुने गरी नेपाल आयल निगमले खाना पकाउने ग्याससहित पेट्रोल, डिजेल, मट्टिटतेल, हवाई इन्धनको मूल्य वृद्धि गरेको छ।

स्वचालित मूल्य प्रणाली कार्यान्वयन कार्यविधि, २०७१ ले तोकेअनुसार पेट्रोलको साबिकको विक्रि मूल्यमा रुपैयाँले वृद्धि गरी १३३ रुपैयाँ, डिजेल/मट्टितेलको प्रतिलिटर ३ रुपैयाँले नै वृद्धि गरि ११६ रुपैयाँ कायम गरिएको निगमले जानकारी दिएको छ । निगमका अनुसार आन्तरिक तथा बाहृय हवाई ईन्धनमा साबिकको बिक्रि मूल्यमा प्रतिलिटर रू. १० ले वृद्धि गरी आन्तरिक हवाई इन्धनको मूल्य प्रति लिटर रु. ९६ तथा अन्तर्राष्ट्रिय हवाई इन्धनको मूल्य प्रति किलो लिटर अमेरिकी डलर ८५३ प्रति किलो लिटर कायम गरिएको छ ।

एलपी ग्यासमा काठमाडौंको साविक बिक्री मूल्यमा प्रति सिलिण्डरर रु. ५० रुपैयाँलेले वृद्धि गरी १ हजार ५०० रुपैयाँ कायम गरिएको छ । निर्णय निगमका सहप्रवक्ता पुष्कर कार्कीले जानकारी दिए ।

पछिल्लो पटक इण्डियन आयल कर्पेरेसनबाट प्राप्त मूल्यअनुसार निगमले मूल्य समायोजन नगर्दा निगमलाई १५ दिनमा करिव रू. २ अर्ब २२ करोड घाटा हुने अवस्था रहेको निगमले जानकारी दिएको छ ।

# स्वास्थ्य नीति परिमार्जन गर्नुपर्छ : प्रचण्ड

**दिलु नेपाल/मध्यान्ह**
चितवन, १२ कात्तिक

नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्वास्थ्य क्षेत्र सुधारका लागि स्वास्थ्य नीति परिमार्जन गर्नुपर्ने बताएका छन्। अखिल नेपाल प्रगतिशील जनस्वास्थ्यकर्मी महासंघले शुक्रबार आयोजना गरेको 'चितवनको स्वास्थ्य सरोकारमा क. प्रचण्ड' विषयक अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले स्वास्थ्य क्षेत्रमा नीतिगतरूपमा आमूल परिवर्तन ल्याउनुपर्ने बताएका हुन्।

उनले राजनीतिक परिवर्तन भए पनि पुरानै ऐन, नियम र परम्परा कायम रहेकाले स्वास्थ्य क्षेत्रमा परिवर्तन आउन नसकेको बताए। दाहालले भने, 'राजनीतिक परिवर्तन हुन्छ, ऐन, नीति परम्परा बदलिँदैन, संविधानअनुसार ऐन छैन।'

संविधानमा समाजवादोन्मुख राज्य भने पनि व्यवहारमा त्यो लागू गर्न नसकिएको



बताउँदै उनले भने, 'संविधान र राजनीतिक दस्तावेजमा राम्रा कुरा लेखिए, तर व्यवहारमा आएन।' आफूहरुले देखेको सपना स्वास्थ्य र शिक्षा राज्यको दायित्वभित्र पर्ने विषय भएको जनाउँदै उनले स्वास्थ्य र शिक्षालाई मौलिक अधिकारका रूपमा लिएर पनि ठोसरूपमा प्रगति हुन नसकेको बताए। भरतपुरको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा अबौं लगानी भइसकेकाले क्यान्सरसँग सम्बन्धित केन्द्र अन्यत्र हुन नसक्ने उनले बताएका थिए।

क्यान्सर प्रतिष्ठान भक्तपुरमा बनाउन लागिएको सन्दर्भमा बोल्दै उनले क्यान्सरको केन्द्र चितवनबाहेक अन्यत्र बनाउन सम्भव नभएको बताए। भरतपुर अस्पताल केन्द्रीय अस्पताल भए पनि दरबन्दी र भौतिक पूर्वाधारमा काम हुन नसकेकाले अब यस अस्पताललाई पनि एकीकृत प्रतिष्ठानभित्र राखेर सुविधासम्पन्न र व्यवस्थित बनाउनुपर्ने उनले बताए। नेपाल आफैंले कोरानाविरुद्धको खोप उत्पादन गरेर आत्मनिर्भर हुनुपर्ने प्रचण्डले बताएका छन्। उनले भने, 'आफ्नै खोप उत्पादन हुनुपर्छ, चितवनमा भए अझ राम्रो।' अध्यक्ष दाहाल चार दिनदेखि गृह जिल्ला चितवनमा रहेका छन्।

## चोरिएका बाइक सम्बन्धित धनीलाई



**काठमाडौं/मस**–महानगरीय ट्राफिक प्रहरी महाशाखाले उपत्यकाका विभिन्न स्थानबाट चोरिएका २३ मोटरसाइकल फेला पारेर सम्बन्धित धनीलाई हस्तान्तरण गरेको छ। उपत्यकामा हुने सवारी साधन चोरी घटनालाई न्यूनीकरण एवं नियन्त्रण गर्न ट्राफिक प्रहरीले चलाएको विशेष अभियानका क्रममा विभिन्न क्षेत्रबाट हराएका मोटरसाइकल फेला पारी धनीलाई हस्तान्तरण गरिएको महाशाखाले जनाएको छ।

सवारी धनीले महाशाखामा दिएको निवेदनका आधारमा प्रहरीले खोजी अभियान चलाउँदै आएको छ। सो अभियानमा चोरीमा संलग्न व्यक्तिलाई समेत पक्राउ गरिएको महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जनक भट्टराईले जानकारी दिए। उनले मोटरसाइकल हराउन नदिन सबैको सहयोग र हातेमालोको खाँचो रहेको र विशेषगरी सवारी धनी थप सजक र जिम्मेवार हुनुपर्नेमा जोड दिए। विशेष सूचना सङ्कलन र निगरानी गरी उपत्यका तथा आसपासको इलाकाबाट मोटरसाइकल बरामद गरिने र चोरीमा संलग्न मानिसलाई पक्राउ गरी आवश्यक कारबाहीका लागी तत्कालै विभिन्न प्रहरी वृत्तहरूमा पठाउने गरेको महाशाखाले जनाएको छ।

# माहुरी होम बाँकेको नयाँ कार्य समिति

**पवन जायसवाल/मध्यान्ह**
बाँके, १२ कात्तिक

मधेश मानव अधिकार गृह (माहुरी होम) बाँकेको नयाँ कार्य समिति गठन गरिएको छ। नेपालगन्ज उपमहानगरपालिकाका उपमेयर उमा थापा मगरको अध्यक्षतामा बसेको बैठकले दिनेश ठाकुरको अध्यक्षतामा १२ सदस्यीय मधेश मानव अधिकार गृह (माहुरी होम) समिति गठन गरेको हो। समितिको उपाध्यक्षमा पद्मा लक्ष्मी सुनार, सचिवमा सारु हमाल, सह-सचिव पदमा शिव जायसवाल र कोषाध्यक्षमा पदमा बिनयराज त्रिपाठी रहेका छन्।

सदस्यमा सरला सुवेदी, असलम भाँट, मोहिनी बाल्मिकी, सुनिता पोखरेल, पुष्पा सुनार,



शुक्रऋषि चौलागाई र पवन जायसवाल समितिको सदस्यमा रहेका छन्। बैठकले मधेश मानव अधिकार गृह (माहुरी होम) को अगामी दिनमा हुन गइरहेको केन्द्रीय अधिवेशका लागी बाँके जिल्लाबाट प्रतिनिधिको रुपमा अध्यक्ष दिनेश ठाकुर, सचिव सारु हमाल र सदस्य असलम भाँटलाई पठाउने निर्णय गरेको छ।

## राजीनामा...

अदालतको संकट थप गहिरिएर गएको छ। न्यायिक क्षेत्रसँग सम्बन्धित बारले आन्दोलनकै घोषणा गरेका छन्। न्यायाधीशहरु अघोषित आन्दोलनमा छन्। तर यसको समाधानबारे भने कुनै संकेत समेत देखिएको छैन।

प्रधानन्यायाधीशले राजीनामा नदिने अडान लिने र राजीनामा नआएसम्म कार्य सम्पादनमा नफर्किने चेतावनीका कारण न्यायिक सम्पादन रोकिएको छ। शुक्रबार प्रधानन्यायाधीश जबराले मुद्दाको सुनुवाइका लागि शुक्रबार आठ वटा इजलासमा पेसी तोके पनि कुनै पनि बेन्च बसेर सुनुवाइ हुन सकेन।

पेसी तोकिएकोमा प्रधानन्यायाधीश राणा र न्यायाधीश डा कुमार चुडालको संयुक्त इजलास तोकिएको थियो। उक्त मुद्दाको सूचीमा 'हेर्न नभ्याइएको' भनेर जनाइएको छ भने बाँकी पेसीमा 'बेन्च बस्न नसकेको' भनेर जनाइएको छ। आइतबार मध्याह्नदेखि प्रधानन्यायाधीशमाथि मन्त्रिमण्डल विस्तारमा भाग खोजेको भन्ने आरोपका कारण न्यायलयमा प्रश्न उठेको र उक्त प्रश्नको जवाफको माग गर्दै न्यायाधीशले सुनुवाइ गर्न इन्कार गर्नुभएको थियो। सोमबारदेखि त मुद्दाको सुनुवाइ पूरै प्रभावित भएको छ।

गत सोमबार सर्वोच्च अदालतको पूर्ण बैठक (फुलकोर्ट) को बैठक बसेर समस्याको समाधान गर्ने भनिए पनि उक्त बैठक बस्न सकेन। अदालतमा बेन्च बस्न नसक्दा मुद्दाको सुनुवाइ हुन सकेको छैन। जसले गर्दा पालोमा टाढाटाढाबाट आएका सेवाग्राहीहरू मर्कामा परेका छन्।

## नेपाल....

नेपाल स्याटेलाइट प्रालिले पाँच वर्षमा किस्तामा प्राधिकरणलाई १ अर्ब ३८ करोड ७२ लाख ५३ हजार रुपैयाँ बुझाउनुपर्ने समय दिइएको थियो। सोही अनुसार पहिलो किस्ता वापतको २१ करोड ५१ लाख रुपैंया २०७७ को असार मसान्तसम्म प्राधिकरणलाई बुझाइसकेको छ।

यस्तै, कम्पनीले दोस्रो वर्ष अर्थात २०७८ को असार मसान्तसम्म ३३ करोड ९८ लाख, २०७९ को असार मसान्तसम्म ३० करोड ८६ लाख, २०८० को असार मसान्तसम्म २७ करोड ७४ लाख र २०८१ को असार मसान्तसम्म २४ करोड ६३ लाख गरी १ अर्ब ३८ करोड रुपैयाँ प्राधिकरणलाई बुझाउनुपर्नेछ। नेपाल स्याटेलाइटले प्राधिकरणलाई तिर्नुपर्ने फ्रिक्वेन्सी दस्तुर वर्षौंदेखि नतिरेपछि यो बक्यौता रहेको हो।

तोकिएको किस्ता रकम नतिरेमा प्राधिकरणले लाइसेन्स खारेज गर्नेसम्मको निर्णय गर्ने सरकारले अधिकार दिइसकेको छ। त्यही अनुसार प्राधिकरणले कारवाही प्रकृया शुरु गरेको हो।

## विदेशबाट...

छन्। सरकारले स्वदेश फर्केका श्रमिकका लागि प्रदान गरेका सेवा तथा कार्यक्रमका बारेमा अधिकांशलाई जानकारी नभएका कारणले पुनःएकीकरणका कार्यक्रमहरू प्रभावकारी हुन नसकेको निष्कर्ष निकाल्दै सम्मेलनले विदेशबाट फर्केका श्रमिकलाई कामकै लागि पुनः विदेश जानुपर्ने बाध्यात्मक अवस्थाबाट मुक्त गर्न सकिने बताएको छ। सम्मेलनमा समापन मन्तव्य राख्दै युवा तथा खेलकुद मन्त्री महेश्वरजंग गहतराजले रोजगार नभई स्वरोजगारमा केन्द्रित हुनुपर्ने सुझाव दिए।

## मन्त्री...

नारायण श्रेष्ठ, कार्यक्रम संचालक एवं समाजका प्रमुख सल्लाहकार हिरालाल श्रेष्ठ, व्यवसायी पुर्ण गुरुङ, नेकपा एकीकृत समाजबादी यूएईका अध्यक्ष प्रबिन पोखरेल, एनआरएनए यूएईका कार्यवहाक अध्यक्ष निरन्जन सिरावाल, कोषाध्यक्ष विकास शाही, सल्लाहकारहरु अमर रानाभाट, डोल रानामगर, बसन्त रिमाल, निवर्तामन वरिष्ठ उपाध्यक्ष प्रबिन श्रेष्ठलगायतको उपस्थिति थियो। स्वागत तथा भेटघाट कार्यक्रम दुबईको सिल्बर स्पोनमा गरिएको थियो।

कार्यक्रममा समाजका उपाध्यक्ष कृस सुनारले स्वागत मन्तव्य राखेका थिए भने समाजका संरक्षक दिपक खड्काले विगत ३ वर्षदेखि समाजले गर्दै आइरहेको कार्यक्रमहरुको बारेमा विस्तृत रुपमा प्रकाश पारेका थिए। त्यस्तै एनआरएनए यूएईका कार्यवहाक अध्यक्ष सिरावालले शुभकामना मन्तव्य राखेका थिए।

आफुप्रति गरिएको स्वागत र सम्मान प्रति आभार प्रकट गर्दै मन्त्री श्रेष्ठले नेपाली श्रमिकहरुले भोग्नु परेका समस्याहरुलाई आफ्नो हैसियतले भ्याएसम्म सम्बोधन गरिने बताए। श्रममन्त्री श्रेष्ठले दुबईका आम नेपाली श्रमिकहरुको माग अनुसार दुबईमा कन्सुलर अफिस खोल्न हर सम्भव प्रयत्न गरिने बताए।

उनले वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई सामाजिक सुरक्षा कोष अन्तर्गत समावेश गराइने उल्लेख गर्दै आफु नेपाल फर्किने बित्तिकै २४ घण्टा नै गुनासो सुन्ने व्यवस्था गर्ने र भोलिपल्ट आफ्नो टेबुलमै सुनुवाईको व्यवस्था गरिने बताए।

# ७४ वर्षमाथिका नागरिकलाई निमोनियाविरुद्धको खोप

**ललितपुर/मस**–ललितपुर महानगरपालिकाभित्र ७४ वर्षमाथिका नागरिकलाई निमोनियाविरुद्धको खोप दिइने भएको छ। मुलुकमा जाडो बढेसँगै सो उमेरका व्यक्तिलाई चिसोबाट जोगाउन उक्त खोप दिन लागिएको हो।

चौहत्तर वर्ष उमेरका व्यक्तिलाई आइतबारदेखि बुधबारसम्म पहिलो चरणको सो खोप दिइने भएको महानगरपालिकाका सामान्य प्रशासन महाशाखा प्रमुख सागर थापाले बताए। उनका अनुसार यो खोप लगाउन इच्छुक व्यक्तिलाई उमेर खुल्ने परिचयपत्र साथमा लिएर दिउँसो ११ देखि ४ बजेसम्म आ-आफ्नो वडाको खोप केन्द्रमा आउनु पर्नेछ। पहिलो दिन सो खोप सात वडा अर्थात् १ देखि ५ हुँदै २८ र २९ मा दिइने थापाले जानकारी गराए।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०६९/०९/०५ मा दर्ता भएको **प्रा.लि. नं. १०८२२० को मल्ल मर्चेन्ट एण्ड होल्डिङ्गस प्रा.लि.**, नामक कम्पनी यस कार्यालयको मिति २०७८/०५/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार सम्बन्धी अभिमूखिकरण तालिम सञ्चालन गर्न इजाजत प्राप्त श्री **लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि. (ई.प.नं. ८२१)** ले आफ्नो कार्यालयको साविक ठेगाना **काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. १४** बाट परिवर्तन गरी **काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ५** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

**प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्ने बारेको अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मितिः (२०७८/०७/१२)

यस कार्यालयबाट मिति २०७८/०७/०४ गते प्रकाशित सूचना अनुसार कार्यालय प्रयोजनको लागी आवश्यक परेको चारपाङ्रे फोरह्वील, 4WD Single Cab Pickup Right hand drive model sutiable for driving in nepal at an altitude ap to 2500 meter an in ambient temperature -5to 50 degree centigrade. Gross vechicle Weight of the vechicle shall not be less then 2600 kg. payload not less than 800 kg and shall have seating capacity for at least 2 persons including driver. भएको सब-बहान सप्लाइको लागी यस कार्यालयको मौजुदा सूचिमा सूचिकृत हुन आएका सप्लायर्सहरु मध्येबाट यो सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित भएको मितिले-७(सात) दिन (अर्थात मिति २०७८/०७ /१९ गते सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिनको कार्यालय समय) भित्रमा शिलबन्दि खाममा प्राविधिक र आर्थिक प्रस्तावहरु छुट्टा छुट्टै गरी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०२१५४१५१८ वा ९८५२०४४१११ वा ९८५२०३०९१९ मा सम्पर्क राख्नुहुन समेत जानकारी गराइन्छ।

नि.प्रमुख प्रसासकिय अधिकृत

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७८/०७/१३

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिती २०७८/०७/११ को निर्णयानुसार यस **लामा आई. टी. एण्ड आउटसोर्सिङ्ग प्रा.लि. (प्रा.लि.दर्ता नं.: २५३१८४/०७७/०७८)** (Lama I.T. and Outsoursing Pvt. Ltd.) कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **बिज कन्सल्टिङ प्रा.लि.** (Beez Consulting Pvt. Ltd.), काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ६ ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०२/१२ मा दर्ता भएको **प्रा.लि. नं. २१५९२५** को **नेपाली प्रयाङ्क मिनिस्टर प्रा.लि.**को एकल सेयर धनीको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७८/०७/१३

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिती २०७८/०७/१२ को निर्णयानुसार यस **बोधी इन प्रा.लि. (प्रा.लि.नं.: ४०१३१/०६२/०६३)(Bodhi Inn Pvt. Ltd.)** कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **बोधीज इन प्रा.लि. (Bodhiz Inn Pvt. Ltd.),** काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ६ ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

अनुसूची-१५
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)
**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति २०७८।०७।१३

श्री सगरमाथा सामुदायिक बन उपभोक्ता समूह, भेरीगंगा न.पा. ०१, सुर्खेतको सामुदायिक बनबाट ०७७।०७८ मा उत्पादन भई समूहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको साल जातको गोलीया थान १२० को ८०२.७१ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सगरमाथा सामुदायिक बन उपभोक्ता समूहको कार्यालय भेरीगंगा न.पा. ०१, सुर्खेत र डि.व.का. सुर्खेतको सूचना पाटीमा टाँस गरिएको छ।

श्री सगरमाथा सामुदायिक बन उपभोक्ता समूह
भेरीगंगा न.पा. ०१, सुर्खेत

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा २०७४/०४/२७ मा दर्ता भएको **प्रा.लि. नं. १७२९२६ को नाइन सिज ट्राभल एण्ड टूर्स प्रा.लि.**, नामक कम्पनी यस कार्यालयको मिति २०७८/०७/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**SAUDI मा रोजगारको अवसर** | कम्पनी : BEYOND AL BENA INDUSTRIAL COMPANY
शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०५/२२ | चलानी नं.: ६०१६२५५४ | LT. No.: 245005 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 8 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २० गते (6 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००।- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Rays Recruitment Pvt. Ltd.**
Gov. Lic. No.: 787/065/066
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com

**साउदीमा रोजगार** | कम्पनी: AKHAD AL TAMEER CONTRACTING EST COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०७/१० | चलानी नं.: ६०१६६४४८ | LT. No.: 249215

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ कार्तिक २० गते (6 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com

**SAUDI मा रोजगार** | कम्पनी : GUMAMA FOR OPERATION & MAINTENANCE EST
शहर : KSA

पुर्व स्वीकृत मितिः २०७८/०४/०८ | चलानी नं.: ६०१६०४८७ | LT. No.: 242979 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician Technician | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plamber | 4 | 0 | | 1700 | ५४,१९६ | | | | | | | |
| 3. | Building Carpenter | 1 | 0 | | 1700 | ५४,१९६ | | | | | | | |
| 4. | Welding Technician | 1 | 0 | | 1700 | ५४,१९६ | | | | | | | |
| 5. | Aluminium Technician | 1 | 0 | | 1700 | ५४,१९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २० गते (6 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**एस.एल.डी ईन्टरनेशनल प्रा.लि.**
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१-४९०१८२३, ४९०१८२४, ४९०१८२५
मो.९८५१०४७३६५, ९८१८६२८४४८

# बिरामी भर्ना गर्न कोभिड परीक्षणको रिपोर्ट अनिवार्य

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १२ कात्तिक



फटकशिलाका रमेश श्रेष्ठ आफ्नी श्रीमती सुत्केरी गराउन केएमसी अस्पताल सिनामंगल गए । उनको श्रीमतीलाई भर्ना गराउनुपर्ने डाक्टरहरुले बताए ।

भर्ना गराउनु भन्दा अगाडी कोभिड परीक्षण गराएको रिपोर्ट चाहिन्छ । तल गएर कोभिड चेक गराएर रिपोर्ट लिएर आउनु भने । अस्पतालले भने पछि गर्नै पर्‍यो । उनले बाहिर गएर केहि सस्तोमा परीक्षण गराए । रिपोर्ट ल्याएर भर्ना गराए ।

केहि दिनमा श्रीमतीको अप्रेशन पनि सफल भयो । बिरामीलाई राम्रै भयो । डाक्टर, नर्स, सबैले राम्रो सहजिकरण गरे । अस्पतालले बिरामीको विभिन्न किसिमका शारिरीक परीक्षणहरु गराउन लगाए, गरे पनि ।

त्यतिमात्र होइन भर्खरै जन्मिएका नाबालकको समेत थाइराइड परीक्षण गराए । केहिको रिपोर्ट बिरामी डिस्चार्ज गरिसकेपछि पनि आएको छैन् । काठमाडौं बानेश्वरका सौरव ज्योती राजभण्डारीलाई एक्कासी अत्याधिक पेट दुखेपछि भरोसा अस्पताल पुर्‍याइयो । उनलाई एपेन्डिसाइटिस भएको रहेछ । अस्पतालले राजभण्डारीलाई कोरोना परीक्षण गरी पीसीआर रिपोर्ट लिएर मात्र भर्ना लिने भनेर नदुख्ने दवाई खुवाएर पठाए । उनले त्यहिनै कोरोनाको परीक्षण गराए । भोलिपल्ट अस्पताल भर्ना भए । अप्रेशन सफल भयो । अप्रेशन पश्चात डाक्टरले अप्रेशन ढिला भएको भए जे पनि हुन सक्थ्यो भने ।

यी त केहि प्रतिनिधि घटना मात्र हुन् । सरकारी बाहेकका जुनसुकै अस्पतालहरुमा अहिले कोरोना परीक्षण बिना बिरामी भर्ना लिइदैंन । कोरोनाको परीक्षणनै अस्पतालको कमाउने धन्दा बनेको छ ।

प्राइभेट भनिने सम्पूर्ण अस्पतालहरु कमाउने धन्दामा लागेर कुनैपनि लक्षण बिना कोरोना परीक्षण गराउन लगाउने गरेको अस्पतालका बिरामी कुरुवाहरु बताउँछन् । स

ाधारणतया कोरोनाको एन्टिजेन परीक्षण गर्दापनि हुने हो एन्टिजेन परीक्षण गर्दापनि कोरोना छ छैन थाहा हुन्छ । तर त्यसो नगरी कोरोनाको नै परीक्षण गर्न लगाइन्छ । एन्टिजेन भन्दा कोरोनाको परीक्षण शुल्क महङ्गो पर्छ । अस्पतालहरुमा अरबौं रुपैयाँ लगानी गरेका हुन्छन् । ती रुपैयाँ कसरी हुन्छ ? छिट्टै नै असुल उपर गर्न खोजी रहेकोले कोरोनाको मात्र होइन विभिन्न परीक्षण गर्न नपर्ने परीक्षणहरु पनि गर्न लगाउने बिरामी कुरुवाहरु बताउँछन् ।

काठमाडौंका प्राय:अस्पतालहरुमा कोरोना परीक्षणको नाममा अनियमितताहरु बढ्दै गएको पाइन्छ । अस्पतालमा भर्ना भएका बिरामी र बिरामीका आफन्तहरुको आफ्नै समस्या र व्यस्तता हुन्छ । यी कारणहरुले गर्दा उनीहरु मिडियामा आउन सक्दैनन् ।

केएमसी असपतालका डाइरेक्टर सुमन कुमार श्रेष्ठका अनुसार कोभिडको परीक्षण लक्षण देखिएपनि नदेखिएपनि परीक्षण गर्नैपर्ने बताउँछन् ।

यी र यस्ता अनियमितताहरुको समयमै निराकरण गर्नसक्ने गरी कामगर्ने निकायको खाँचो देखिन्छ । यदि सरकारको ध्यान यतातिर जान सकिएनभने भोलिको अवस्था झन् विकराल हुने देखिन्छ ।

# बारमै दुई वकिलबीच हात हालाहाल



**काठमाडौं/मस-** नेपाल बार एसोसिएसन परिसरमा दुई अधिवक्ताबीच हात हालाहल भएको छ । बार एशोसिएसनको बैठक बसिरहेका बेला शुक्रबार दिउँसो कानुन व्यवसायी विराट न्यौपाने र भूमिनन्द चुँडालबीच विवाद उत्पन्न भई हाता हालाहालको स्थिति भएको हो ।

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको राजीनामा माग्दै न्यायाधीशहरूले इजलास बहिष्कार गरिररहेका बेला त्यही विषयमा भनाभन हुँदा दुईबीच हात हालाहाल भएको बताइएको छ । दुवै जनाले एक-अर्कालाई लात्ती मुड्कीले हानाहान गरेपछि अन्य कानुन व्यवसायीले छुट्याएका थिए ।

चुडालले पत्रकारहरुसँग कुरा गर्दै आफूले कानुनी बाटोबाट न्याय खोज्ने बताए। न्यौपानेले चाँहि ‘सामान्य विवाद भएको’ भन्दै कुरा मिलिसकेको बताए। सुरुमा अधिवक्ता न्यौपानेले चुँडाललाई हातपात गरेका थिए ।

**कालो कोटको बर्दीमा गुण्डागर्दी भयो**

स्वतन्त्र नागरिक समाजले न्यायालयमा राजनीति घुसाएर प्रधानन्यायाधीशको राजीनामा माग्दै न्यायालयलाई ध्वस्त पार्न खोजेको निष्कर्ष निकालेको छ ।

शुक्रबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गरेर समाजले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा मागेर न्यायालयलाई ध्वस्त पार्न खोजेको निष्कर्ष निकालेको हो । इतिहासकार डा.प्रेमसिंह बस्नेतले सर्वोच्च अदालतमा वकिलहरुको समुह भित्रै शुक्रबार वकिलले कुटाई खाएको प्रति ध्यानाकर्षण गराए । उनले पुर्वप्रधानन्यायाधीश शुशिला कार्कीको आलोचना गरे ।

कार्की आफ्नो आङमा भैसी नदेख्ने अर्काको आङमा जुम्रा पनि देखेकोमा सबै लज्जित भएको टिप्पणी गरे । उनले कार्की लगायतलाई खलपात्रको संज्ञा दिदै उचालेर न्यायालयको धज्जी उडाएको आरोप लगाए । उनले नेपालबाट राजसंस्थासँग न्याय र धर्म फालेको भन्द आलोचना गरे । स्वतन्त्र नागरीक समाजका संयोजक हेम बिक्रम सिलवालले देशका राजनीतिक दलहरु जे कुरामा पनि भागवण्डामा गएको आरोप लगाए ।

प्रधानन्यायाधीको विषयको द्वन्द्वले भविष्यमा गम्भिर असर पुग्ने बताए । पत्रकार प्रकाश रायमाझीले देशमा कानुनी राज्य भएकोले विधिको सबैले पालना गर्नु पर्ने बताए । उनले कोही स्वतन्त्र नभएको भन्दै संवैधानिक अंग सबै भागवण्डामा रहेको जिकिर गरे । गठबन्धन सरकारले परमादेश जारी गर्दा प्रधानन्यायाधीश जबराको देवत्वकरण गरेको भन्दै अहिले भागवण्डा खोजेपछि प्रधानन्यायाधीशलाई हटाउन खोजेको उनले आरोप लगाए ।

अधिवक्ता भुमिनन्द चुडालले कानुन व्यवसायी भएर काम गरेको ३५ वर्ष भएको भन्दै इतिहासमा पहिलो पटक पिटाई खानु परेका बताए । उनले कानुन व्यवसायीहरु अधिकारबाट बन्चित भएको विषयमा बोल्दा आफूले बार भित्रै कुटाई खानु परेको बताए ।

उनले देशको नियम कानुन मान्ने वकिलहरुले नै आफूमाथि आक्रमण भएकोमा आपत्ती व्यक्र गरे । अदालतमा गुण्डागर्दी शैली बृद्धि भएको भन्दै बोल्न पनि नपाएकोमा गुनासो गरे ।

# बिरामीलाई नि:शुल्क रगत

**सहवान अन्सारी/मध्यान्ह**
नवलपरासी, १२ कात्तिक



नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा नवलपरासी बर्दघाट सुस्ता पश्चिमले जिल्लाका बिरामीलाई नि:शुल्क रगत उपलब्ध गराउन थालेको छ । नि:शुल्क रगत पाएपछि बिरामीलाई सहज भएको छ । रेडक्रस र जिल्लाका सातैवटै स्थानीय तहबीच आफ्नो पालिकाभित्रका बिरामीलाई नि:शुल्क रगत उपलब्ध गराउने सम्झौता भएको छ ।

सोही सम्झौता अनुरुप रगत उपलब्ध गराउन थालिएको शाखाका सभापति राजेन्द्रप्रसाद अग्रहरीले जानकारी दिए । जिल्लामा तीन नगरपालिका र चार गाउँपालिका छन् । ‘नागरिकता र अस्पतालको सिफारिसका आधारमा बिरामीलाई नि:शुल्क रगत उपलब्ध गराउँदै आएका छौं, त्यसवापतको रकम सम्बन्धित स्थानीय तहले रेडक्रसलाई भुक्तानी गर्छन्’, उनले भने ।

जिल्लामा रेडक्रसले सञ्चालन गरिरहेका रक्तसञ्चार केन्द्रमा १०० प्रिन्टसम्म रगत जम्मा गर्ने क्षमता छ । जिल्लामै सबै रगत भने खपत हुँदैन् । जिल्लामा सुविधासम्पन्न अस्पताल नहुँदा बुटवल, भैरहवा र भरतपुरका अस्पतालमा रगत पठाउने गरिएकामा पछिल्लो समय जिल्लाकै अस्पतालमा रगतको खपत बढ्दै गएको अग्रहरीले बताए । स्थानीय तह र रेडक्रसको समन्वयमा नि:शुल्क रगत उपलब्ध हुन थालेपछि बिरामीको उपचारमा थप सहज भएको रामग्राम-४ का अर्जुनबहादुर क्षेत्रीले बताए । ‘पहिला हामी आफैंले पैसा तिरेर रगत किन्नुपर्ने अवस्था थियो, अहिले नगरपालिकाले रकम भुक्तानी गर्न थालेपछि सहज रुपमा रगत पाउन थालेका छौं’, उनले भने । रेडक्रसले रक्तदानको महत्व बुझाउन गाउँगाउँमा सचेतना कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ । वडा वडामा सचेतना गोष्ठी सञ्चालन गर्ने तयारी रहेको अग्रहरीले बताए ।

# बालिका शिक्षाको सुनिश्चितताका लागि अभियान

**काठमाडौं/मस-** कोभिड-१९ पछिको अवस्थामा विद्यालय तहका बालिकाहरुको सिकाइ निरन्तरताका लागि संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) को सहयोगमा नेपालमा सञ्चालित अभियानले सकारात्मक प्रभाव पारेको देखिएको छ ।

शैक्षिक उपलब्धिका लागि बालिकाको शैक्षिक निरन्तरता अभियानअर्न्तगत सन् २०१६ देखि यस वर्षसम्म सञ्चालित मुख्यपरियो जनाकै बीच कोभिडपछिको अवस्थामा बालिक शिक्षामालाई केन्द्रित गरी नेपालभित्रका सम्बन्धित पक्षबीच वकालत र जागरण सिर्जना गरेर बालिकाहरुको सिकाइ निरन्तरतामा अभियानले पहल गरेको हो । विशेष गरी तराई-मधेस र सुदूरपश्चिमका किशोरी तथा बालिकामा विद्यालय शिक्षाबाट बीचैमा कक्षा छाड्ने प्रवृत्ति हुँदा उनीहरुको माथिल्लो तहको शिक्षाको सपना पूरा नभई बाल विवाह, यौन हिंसा, श्रम शोषण आदि समस्यामामा पर्ने गरेका घटनाहरु पनि प्रकाशमा आउने गरेका छन् ।

राष्ट्रिय बाल अधिकार परिषद्ले यौन हिंसामा परेका बालिकाहरुका लागि टोल फ्रि र अन्य माध्यमबाट उजूरी दिने प्रबन्ध गरे पनि पीडितहरुमा उच्च मनोबल नहुने हुँदा उजूरी कम आउने गरेको छ । अभियानले पीडितहरुको मनोबल



बढाउने र उनीहरु न्यायका लागि संघर्ष गर्न सक्ने स्थितिमा ल्याउन पनि काम गरेको छ ।

कोभिड-१९ पछिको जोखिमपूर्ण अवस्थामा शिक्षामा बालिकाको उपस्थितिमा सुनिश्चितताका लागि युनेस्को, युएनएफपिए-युएन वुम, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कोइकाको सहकार्यमा मित्र समाजले तीन महिने विशेष कार्यक्रम सञ्चालन गरेको थियो । अभियानका क्रममा अन्तर्राष्ट्रिय बालिका दिवस, २०२१ का अवसरमा बालिका शिक्षाको प्रवर्द्धनका लागि सञ्चार परिचालनसँग सम्बन्धित कार्यक्रम गरिएका थिए ।

दिवसका अवसरमा शिक्षा क्षेत्रका अधिकारी, विज्ञ र प्रधानाध्यापकसँग रेडियो संवादको सञ्चालन तथा विभिन्न मातृभाषामा पिएसए तयार गरी ४५ दिनसम्म रौतहट, सर्लाही, सुनसरी, अछाम र बाजुराका १० वटा रेडियोबाट प्रसारण गरिएको थियो । ती कार्यक्रममार्फत् ‘सिकाइ कहिल्यै रोकिँदैन’ भन्ने सन्देश प्रवाह भएको थियो । सोही क्रममा ‘नलेखिएका भाग्यहरु’ नामक २५ मिनेटको भिडियो तयार गरी नेपाल टेलिभिजन र सामाजिक सञ्जालबाट प्रसारण तथा ‘मलाई पढ्न र बढ्न देऊ’ शीर्षकमा नाटक पनि प्रस्तुत गरिएको थियो । अभियानमा मिस नेपाल, २००२ मल्भिका सुब्बा, कलाकार स्वस्तिका खड्का, गायक प्रकाश सपुतलगायत प्रसिद्ध व्यक्तिहरु पनि जोडिएका थिए ।

ती व्यक्तित्वका अपिलले बालिका शिक्षाको सुनिश्चितताका लागि उचित वातावरण निर्माण गरेको पाइएको छ । यस्तै काठमाडौंसहित रौतहट, सर्लाही, सुनसरी, अछाम र बाजुरामा विभिन्न सञ्चार माध्यममा कार्यक्रम पत्रकार का लागि विषयगत प्रशिक्षण पनि दिइएको थियो ।

# ट्याङ्की खन्दा ऐतिहासिक सम्पदाका अवशेष भेटियो



भक्तपुर/मस- भक्तपुरमा विद्यालयको पानी ट्याङ्की खन्ने क्रममा ऐतिहासिक एवं पुरातात्विक सम्पदाको अवशेष भेटिएको छ । भक्तपुर नगरपालिकास्थित दरबार स्क्वायर परिसरमा रहेको विद्यार्थी निकेतन माध्यमिक विद्यालयको प्राङ्गणमा पानी ट्याङ्की खन्ने जमिनको सतहबाट साढे छ फिटमुनि मल्लकालिन ईटा ( टेपु ल्हौं, चिकं अप्पा (तेलीय इँटा), फ अप्पा, दाँची अप्पा)ले बनाइएका पेटीलगायत पुरातात्विक भवनका अवशेष भेटिएको हो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले उक्त स्थानको अवलोकन गरेका छन् । नगरप्रमुख प्रजापतिले उक्त विद्यालयका विद्यार्थी तथा प्रअ सर्जनी जोशीसँग भेट गरी तत्कालका लागि ट्याङ्की बनाउन र अन्य संरचना निर्माण नगर्न निर्देशन दिएकी छन् । भेटिएका पुरातात्विक अवशेषको विज्ञद्वारा अनुसन्धान गराउनाका साथै सम्पदा संरक्षणका लागि निर्माण कार्यलाई रोक्न आग्रह गरिएको उनको भनाइ थियो ।


## दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**दमक-झापा**
**१ नं. प्रदेश, नेपाल**

**बोलपत्र आव्हानको सूचना**

**(सूचना प्रकाशित मितिः (२०७८/०७/१३)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस नगरपालिकाको आर्थिक ऐन, २०७८ मा व्यवस्था भए बमोजिम दमक नगरपालिका, चुलाचुली गाउँपालिका र कमल गाउँपालिकाको मिति २०७८/०७/१२ गते बसेको पालिका स्तरीय संयुक्त बैठकबाट भएको निर्णयानुसार आ.व. २०७८/०७९ का लागि स्वीकृत IEE प्रतिवेदनमा निर्धारण भए बमोजिम दमक नगरपालिका र कमल गाउँपालिकाको सिमा भित्र पर्ने क्षेत्रमा रतुवा खोलाको नदीजन्य सामाग्रीहरुको संकलन, घाटगद्धी एवं बिक्रीका लागि ठेक्का बन्दोबस्त गर्न सूचना आव्हान गरिएको छ । इच्छुक फर्म, निर्माण व्यवसायी वा संस्थाले तोकिएको शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र रितपूर्वक रतुवा खोलाबाट संकलन हुने नदीजन्य सामाग्रीको संकलन, घाटगद्दी एवं बिक्रीका लागि ई-विड मार्फत बोलपत्र पेश गर्न सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

ठेक्का नं. : DMO/JHAPA/RIVER/RTWA/27/078/79
ठेक्काको विवरण : दमक नगरपालिका र कमल गाउँपालिकाको सिमानामा वहने रतुवा खोलावाट स्वीकृत IEE अनुसार निकालिने नदी सामाग्री संकलन, घाटगद्दी एवं बिक्री मूल्य कर ।
न्यूनतम ठेक्का अंक : रु. १,१३,४४,७२३/- (मु.अ.कर वाहेक)
अवधि : सम्झौता मिति देखि २०७९ जेठ मसान्तसम्म
बोलपत्र दस्तुर : रु. ३,०००/- (तीन हजार) मात्र ।
बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति - २०७८/०८/१२ गते कार्यालय समयसम्म ।
बोलपत्र दाखिला गर्ने अन्तिम मिति - २०७८/०८/१३ गते समय - अपरान्ह १२:०० बजेसम्म ।
बोलपत्र खोलिने मिति - २०७८/०८/१३ समय - अपरान्ह २:०० बजे ।
धरौटी रकम : कवोल अंकको ५% प्रतिशत

**नोट :** ठेक्का सम्बन्धित शर्त र विस्तृत जानकारी नगरपालिकाको सूचना पाटी, विद्युतिय बोलपत्रको वेभसाईट http://www.bolpatra.gov.np र दमकका वेभसाईट http://www.damakmun.gov.np बाट जानकारी राख्न सकिनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**



## साउदी, कतार र बहराइनमा रोजगार

१. कम्पनी: SPEED WAY GENERAL CONTRACTING EST. शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०५/११ | चलानी नं.: ६०१६२१४७ | LT. No.: 244343 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Building Carpenter | 3 | 0 | | 1500 | ४७,८२० | | | | | | |
| 3. | Brick Mason | 2 | 0 | | 1500 | ४७,८२० | | | | | | |
| 4. | Building Electrician | 4 | 0 | | 1500 | ४७,८२० | | | | | | |
| 5. | Building Painter | 3 | 0 | | 1500 | ४७,८२० | | | | | | |

२.कम्पनी: AL SULAITHI AIR CONDITIONING REF AND TRAD EST शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०१/२४ | चलानी नं.: ६०१५८३६९ | LT. No.: 240355 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,४०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 1500 | ४९,२६० | | | | | | |

३. कम्पनी: ELITE FACILITY MANAGEMENT CO शहर : BAHRAIN, MANAMA
पूर्व स्वीकृत मितिः २०७८/०६/२० | चलानी नं.: ६०१६४८९६ | LT. No.: 247815 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 25 | 15 | सम्बन्धित काममा दक्ष | 100 | ३१,७१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Housekeeping | 5 | 5 | | 120 | ३८,०६५ | | | | | | |
| 3. | Worker | 10 | 0 | | 110 | ३४,८९० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २० गते (6 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nepal Life Recrutiment Agency Pvt. Ltd.**
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com



## साउदीमा रोजगारको अवसर

कम्पनी : RIYADH CEMENT COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०७/१० | चलानी नं.: ६०१६६४५९ | LT. No.: 249412

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 14 | 0 | स. काममा दक्ष | 1800 | ५७,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २० गते (6 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
Lic No.: 836/066/067
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com



## साउदीमा रोजगारको अवसर

कम्पनी: Sweet Date शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०७/११ | चलानी नं.: ६०१६६५३२ | LT. No.: 249452

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २० गते (6 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**OMEGA POWER MINDS PVT.LTD.**
Govt. Lic. No. 1178/073/074
साबिक: Taiba Rise Management PVT.LTD
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:taiba.rise@gmail.com

कथा

# प्रविधिको दुरुपयोग


मानिस समयको कमारो हो । समयले मानिसलाई जसरी चलायो त्यसैगरी चल्नु पर्ने सास्वत सत्य नै रहेछ । मानिस विभिन्न युगहरू पार गर्दै आए, सत्य युग, द्वापर युग, त्रेता युग हुँदै अहिले कलियुगमा छ । मानिसले यो घोर कलियुगमा नसोचेको र नदेखेको देख्न पाइन्छ । अन्याय र अत्याचार बढ्छ भन्ने सुनेको थिएँ बुढापाकाहरूबाट । तर आज मलाई लागि रहेको छ यी चार युगमा थपिएको छ अर्को युग, त्यो हो घोप्टे युग ।



■ सरस्वती गौतम

मानिस समयको कमारो हो । समयले मानिसलाई जसरी चलायो त्यसैगरी चल्नु पर्ने सास्वत सत्य नै रहेछ । मानिस विभिन्न युगहरू पार गर्दै आए, सत्य युग, द्वापर युग, त्रेता युग हुँदै अहिले कलियुगमा छ । मानिसले यो घोर कलियुगमा नसोचेको र नदेखेको देख्न पाइन्छ । अन्याय र अत्याचार बढ्छ भन्ने सुनेको थिएँ बुढापाकाहरूबाट । तर आज मलाई लागि रहेको छ यी चार युगमा थपिएको छ अर्को युग, त्यो हो घोप्टे युग । त्यही घोप्टे युगको उपज आज हरेक घरघरमा मानवता, अपनत्व, नैतिकता आदि सबै हराउँदै गएको छ ।

हो यस्तै यस्तै सोच्दै भान्छामा खाना पकाउँदै गरेकी उषाले तल सडकमा नमीठो सुन्नै नसकिने असभ्य आवाज सुन्छे । ऊ झसङ्ग हुँदै बार्दलीबाट तल नियाल्छे । एक जना करिब पैंतालिसदेखि पचासे उमेरका जस्तो देखिने मान्छे आफ्नो मनको भडास निकाली रहेको हुन्छ । त्यहाँ अरू बटुवाहरू पनि जम्मा भएका हुन्छन् । विशेषगरि मोबाइल हातमा लिएकाहरूलाई तारो पार्दै भट्याई रहेको हुन्छ । 'ए, ए ! मोबाइल नचला, भगाउला भगाउला जोइटिङ्गेले । खबरदार ! ट्यापे होलास्, त्यो, त्यो मोबाइल नचला, चलाउन नदे तेरा छोराछोरीलाई । ऊ-ऊ छोरी पोइला गई छोरो ट्यापे भो हा हा हा स्वास्नी गई गई सबै लटिपटि पारेर बुझिस् बुझिस् अब तेरो पालो ।' घरी हास्दै घरी छाती पिटी पिटी रुदै कुर्ली रहेको थियो ।



एकैछिनमा रमीतेहरू थुप्रीए त्यहाँ ।

उषा अचम्म मान्दै सोंच्न थाली, 'यस्तो कोरोनाको महामारीमा सरकारले लकडाउन गरेको बेला पनि मानिसहरू कस्तो अबुझ भएर रमिता हेरीरहेका । वास्तवमै मानवलाई चेतनशिल प्राणी भन्नु बेकार हो, खै त चेतना ? यत्रो विश्वनै कोरोना भाइरसको कारण आक्रान्त छ । ठूला ठूला सुविधा सम्पन्न शक्तिशाली राष्ट्रहरूलाई त छोडेन भने हाम्रो जस्तो विकासशील देश, नेपालमा त त्यो भाईरसले छोयो भने सबै सखाप पार्छ । सरकारले गरेको लकडाउनलाई उल्लंघन गरी यस्तो अवस्थामा पनि मानिस रमिते भएर बस्छ भने ऊ कसरी चेतनशील प्राणी भयो ।' उषा दिक्क मान्दै, तपाईंहरू आ-आफ्नो घर जानुस् भन्न नपाउँदै साइरन बजाउँदै एम्बुलेन्स आईपुग्यो । केही मान्छे निक्लीएर, त्यो जथाभावी बोली रहेको मानिसलाई समात्दै- 'यो पागलले कति दुःख दिएको भागेर यहाँ आईपुगेछ' भन्दै समातेर एम्बुलेन्सभित्र हालेर जान्छन् ।

उता भने उषाको दाल डढेर भुसुक्कै, विचरीले त्यो फालेर अर्को दाल बसाउँदै थिई । तल त फेरि पनि गाईगुई सकिएकै रहेनछ । उषा फेरि पनि ग्यासको आँच सानो बनाएर सडकतिर नियाल्छे । अघि कै मान्छेको चर्चा चलिरहेको रहेछ । एकजना भद्र मानिसले त्यो मानसिक सन्तुलन गुमाएको मान्छे, माइला दाइको कहानी भन्दै रहेछन् ।

माइला दाइ अति नै सोझो, इमान्दार र स्वावलम्वी स्वभावका रहेछन् । उनको सानो सुखी परिवार थियो । समय, काल, परिस्थितिले गर्दा घरपरिवार छोराछोरी छाडेर विदेश, कतार गएका रहेछन् । छोराछोरीलाई राम्रो शिक्षा दिने अनि प्यारी श्रीमतीलाई सुखले पाल्ने सपना बोकेर गएका माइला दाइको सपना नभन्दै एक पछि अर्को साकार हुँदै गयो ।

काठमाडौंमा घर बनाए, छोराछोरीलाई पनि राम्रै विद्यालयमा पढाए । बेलाबखत नेपाल आउँथे, छुट्टी मिलाएर । घरमा ठुलो टि.भि., छोराछोरीलाई ल्यापटप, श्रीमतीलाई आईफोन बोकेर ल्याउँथे माइला दाइ । वर्षमा एकपटक नभए पनि दुई वर्षमा त आउँथे । इमान्दारी, मेहेनती, सरल स्वभावका माइला दाइलाई पनि कम्पनीले राम्रै व्यवस्था मिलाएको थियो । उनी त्यो कम्पनीको पुरानो कर्मचारी भएरै होला, मालिकले असाध्यै विस्वास गर्थ्यो भने उनले सेवा सुविधा राम्रै पाएका थिए । त्यही भएर माइला दाई पन्ध्र वर्ष भन्दा बढि जीवन बिताएका थिए कतारमा ।

■ ■ ■

घरमा ठुलो टि.भि., छोराछोरीलाई ल्यापटप, श्रीमतीलाई आईफोन बोकेर ल्याउँथे माइला दाइ । वर्षमा एकपटक नभए पनि दुई वर्षमा त आउँथे । इमान्दारी, मेहेनती, सरल स्वभावका माइला दाइलाई पनि कम्पनीले राम्रै व्यवस्था मिलाएको थियो । उनी त्यो कम्पनीको पुरानो कर्मचारी भएरै होला, मालिकले असाध्यै विस्वास गर्थ्यो भने उनले सेवा सुविधा राम्रै पाएका थिए । त्यही भएर माइला दाई पन्ध्र वर्ष भन्दा बढि जीवन बिताएका थिए कतारमा ।

■ ■ ■

पछिल्लो चोटी छुट्टीमा घर आउँदा घरको वातावरण अली अपाच्य भयो, माइला दाईलाई । श्रीमती जतिवेला पनि मोबाइलमा नै झुण्डीएको देखे, छोरी टि.भि.मा सिरियलमै व्यस्त, भने छोरा ल्यापटपमा, उनी छक्क परे । त्यहाँ कसैलाई कसैको केही परवाह छैन । झनभन्दा झन बिग्रिदै गरेको परिवेश देखेर उनलाई दिक्क लाग्छ र श्रीमतीलाई सम्झाउछन् । श्रीमतीको जवाफ 'हजुरले मलाई छाडेर गएपछि मेरो साथी यही मोबाइल भएको छ । म कसरी दिन काट्नु नि ? यसलाई जाहारको रुपमा नलिनु न बाबा,' चेपारो पार्दै लाडे पल्टिन्छे । माइला दाई मख्ख हुदैं, 'बल्लबल्ल बिस, पच्चीस दिनको छुट्टी मिलाएर आएको हुन्छु, के झगडा गर्नु , यस्को पनि को नै छ र विचरी, यो मोबाइल पनि भएन भने कसरी दिन काटोस् । गाउँघरमा भएकी भए वस्तुभाउ, घाँस दाउरा, चुलो चौको गर्नु पर्थ्यो र दिन वितेको पत्तो पाइँदैन थियो ।' यस्तै तर्कनामा चित्त बुझाउँछन् माइलादाई ।

समय बित्दै जान्छ, प्रत्येक पटक छुट्टीमा नेपाल आउँथे माइला दाइ, परिवारलाई सम्झेर । छोराछोरी पनि ठूला भैसकेका थिए । सबैका हातहातमा नयाँ-नयाँ मोडलका मोबाइल थिए । झन भन्दा झन घरको विग्रदो स्थिति देखेर श्रीमतीलाई आक्रोस पोख्दै 'छोराछोरी साह्रै बिग्रिए के भएको यस्तो, छोरो छेऊ नै पर्दैन, मुन्द्रा लगाएर हिड्छ । जतिबेला पनि ढोका थुनेर बस्छ, हैन के चाला हो यस्को खानाखान पनि सँगै बस्दैन । उता छोरी पनि त्यसै गर्छे के हो यो म त केही बुझ्दिन,' मनको भडास निकाल्छन् माईला दाइ, 'हैन, के भयो हँ हजुरलाई ? तपाईं गाउँमा बसे जस्तो हो र ? यो एक्काइसौं सताब्दीमा पनि हाम्रा छोराछोरी हामीसँगै बस्छन् त । यो विज्ञानको दुनियाँ हो केही रिसर्च गर्दै होला, विज्ञान विषय पढाएका छौं हामीले, अनि खलबलाउन हुन्छ त छोरालाई । तपाईं आफै भन्नुस् त उनीहरूको पनि त उमेर हो, अलि अलि परिवर्तन आउनु त ठिकै हो त । हेर्नुहोस् मान्छेका छोराछोरीलाई कस्तो स्वतन्त्रता छ, जे भन्यो त्यही पुऱ्याएका छन् बुवाआमाले । हाम्रा त धन्न भन्नुहोस् न । किन कचकच गर्नुहुन्छ विचराहरू लाई आफ्नै पालाको कुरा गरेर हुन्छ जमाना काहा पुगिसक्यो ।' श्रीमतीको कुराले त चित्त बुझाउँछन् तर माइला दाइको मनभने थिर थिएन ।

श्रीमतीलाई एक हप्ता साथीको घरमा पुगेर आउँछु, उसको सामान पनि पुऱ्याई दिन्छु भनेर निस्कन्छन माइला दाइ । उनले श्रीमतीले थाहा नपाउने गरी साउण्ड रेकर्ड गरेर छोडेका हुन्छन् । एक दुई दिनको बसाईपछि घर फर्कन्छन् । परिवारका सबै नै छक्क पर्छन, कसैको अनुहारमा खुशी देख्दैनन् । 'तपाईं त एक हप्ता बस्छु भन्नु भएको हैन ? चाँडै फर्कनु भएछ त ।' श्रीमतीको आवाज सुनेर दिक्क मान्दै, माइला दाइ भन्छन्, 'अँ, बस्न मन लागेन, तिमीहरूको यादले गर्दा आइहालें ।' 'हैन, बसेको भए त भइ हाल्थ्यो नि विचरा साथी रिसायो होला !' श्रीमती मुखले ठिक्क पार्दै भान्छातिर पस्छीन् । माइला दाइ हतार-हतार गर्दै रेकडर झिकेर सुन्नथाले । स्वर्ग जस्तो घर क्षणभरमै भताभुङ्ग भएजस्तो लाग्छ उनलाई, दिक्क लाग्छ, मुटुले ठाउँ छाड्छ, आँखाभरी आँसु छचल्काउँदै निर्णय लिन्छन् माइला दाई । अब यो विदेशको बसाई मैले छोड्नु पर्छ भनेर ।

बेलुका श्रीमतीलाई केरकार गर्छ उल्टै रिसाउँछीन् । शंका गरेको भन्दै झुण्डीएर मर्ने धन्की दिन्छिन् । माइला दाइले पनि उसलाई शान्त गर्न रेकर्ड सुनाउँछन् । श्रीमती तुरुन्तै छेपारोले रंग फेरे जस्तै 'कुराकानी मात्र हो, मेरो त्यस्तो केही छैन प्लिज, मलाई माफ गरिदिनुस् । अब म बाट यस्तो गल्ती हुँदैन ।' भन्दै रुन थालीन् । यदि माफ नदिए विष सेवन गरेर मर्छु भनीन् । विचरो, माइला दाइ श्रीमतीलाई विश्वास गर्छन् र सम्झाउँछन् उसको गल्ती र परिवारमा परेको असरबारे ।

"बेलुका श्रीमतीलाई केरकार गर्छ उल्टै रिसाउँछीन् । शंका गरेको भन्दै झुण्डीएर मर्ने धन्की दिन्छिन् । माइला दाइले पनि उसलाई शान्त गर्न रेकर्ड सुनाउँछन् । श्रीमती तुरुन्तै छेपारोले रंग फेरे जस्तै 'कुराकानी मात्र हो, मेरो त्यस्तो केही छैन प्लिज, मलाई माफ गरिदिनुस् । अब म बाट यस्तो गल्ती हुँदैन ।' भन्दै रुन थालीन् । यदि माफ नदिए विष सेवन गरेर मर्छु भनीन् । विचरो, माइला दाइ श्रीमतीलाई विश्वास गर्छन् र सम्झाउँछन् उसको गल्ती र परिवारमा परेको असरबारे ।

उता माइला दाइले आफ्नो कम्पनीको मालिकलाई आफू कम्पनीमा अब काम नगर्ने भन्दै बिदा माग्छन् । कम्पनीको मालिकले 'भर्खरै त तिमी छुट्टी सकाएर आएको फेरि जान नदिने बरू फेरि सेवा सुविधा थपीदिने निर्णय सुनाउछ ।' मालीकको माया र विश्वासलाई मनभरी सगांल्दै ,केहि नबोली आखाभरी आँसु छचल्काउदै मालिकको सामु रेकर्ड झिकेर सुनायो माईला दाईले,जुन उसकी श्रीमती र उसको नाठोको सम्बाद थियो । सबै कहानी सुनेर सहानुभुति दिदै विदा गर्छ घर परिवार सम्हालन माईलालाई कम्पनीको मालिकले ।

उ पुर्णरुपमा मारीमेटी छुट्टी मिलाएर घर फर्कन्छ । माइला दाईको आगमनलाई सबै आश्चर्य मान्छन् । 'भरखरै जानु भएको तीन महिना भएको छैन, कति चाँडै आउनु भएको नि ?' श्रीमतीको अनुहारमा खुशी हुनुको साट्टो उल्टो ससंकीत थियो । मनभरी खुशी लिएर आएको माइला दाइ परिवारको व्यवहार देखेर विरक्तिएर गाउँ जान्छन्, पुर्ख्यौली घर मन वहलाउन । त्यहाँ उनका आफ्ना भनेका काका काकी मात्र थिए । यता जागीर छोडेर मारीमेटी घर आएको आफ्नो पोइको बारेमा उसैको साथीबाट थाहा पाएपछि, जायजेथा सबै गोलमोटोल पारेर श्रीमती पोइला जान्छे । यो खबर गाउँमै थाहा भएर आत्तिदै घर आइपुग्छ । श्रीमतीलाइ सबै ठाउँमा खोज्छ, कहीँ पनि फेला पार्दैन । टोलवासी गाइगुई कुरा काट्छन् कतै माइला माइलीको झगडा परेर स्वास्नीले त छोडेर गइन, अथवा कतै कोशीमा हामफालेर त मरिन विचरी ! जस्ता आवाजले आधा सन्तुलन त गुमाईसकेका हुन्छन् माइला दाइले भने आर्थिक अभावका कारण घरमा पनि छोराछोरीसँग कलह सुरु हुन्छ । ऊनी चौबिसे घण्टा रक्सीको सहारामा बस्छन् भने छोरो पूरै लागुपदार्थको कुलतमा फसेर लागुपदार्थकै व्यापारमा संलग्न भएर पुलिसले हिरासतमा लियो । उता छोरी भने दिन-प्रतिदिनको फेशनको कारण कुलतमा फस्दै वेश्यावृत्तिको सिकार हुन्छे र डान्सवारमा काम गर्न थाल्छे । अनि त माइला दाइको दिमागले कसरी काम गरोस् त अनि पागल भए विचरा ।


ति भद्रको कुरा नसकिँदै एकजना ले सोध्छन्, 'अनि ति माइला दाइ कि श्रीमती मरी कि बाँचेकी छिन् त ?' 'के को मर्नु नि सबै परिवार तहसनहस गरेर नाठोलाई खुवाउनुसम्म खुवाइ । सबै सम्पत्ति सकेपछि त्यही नाठोले पनि छोडेर भागेछ । अहिले भारततिर देह व्यापार गर्छे रे । 'ए विचरा माइला दाइ । अनि छोरी नि ?' ए छोरी ! छोरी त उही पेसामा छे तर कहिले नेपाल, कहिले भारत त कहिले विदेशी मुलुकमा ग्राहकसँग । 'अनि छोरा नि छोरा ?' 'छोरा त पुरै लागुपदार्थको व्यापारले गर्दा बिस वर्ष कैद भएको थियो । जेल भित्रै मरेछ, खै ? के बिरामीले हो ।'

बिचरो माइला दाइ कठैबरा, के पागल भन्नु, उसको ठाउँमा म भएको भए पनि यस्तै हुन्थे । यस्तै आवाज गुन्जी रहेको थियो । उषा सोंचमा मग्न भैरहेकी हुन्छे, 'ओहो ! त्यसरी कुलतमा लागेको त टोलवासीले कहीँ न कहीँ त थाहा पाएका थिए होला नि । त्यो श्रीमती त्यसरी त्यो सोझो माइला दाइलाई धोका दिएर अर्कै नाठो खेलाउँदा कतै न कतै त संकेत पाएका थिए होला नि ? ती टोलवासीले खबरदारी गरिदिएको भए, आज त्यो सुन्दर घर बिग्रदैनथ्यो होला । अनि क्षणीक मस्तीमा परेकी माइला दाईकी श्रीमतीले पनि आफ्नो परिवार गुमाएर अहिले यो दुःखको भवसागरमा डुब्नु पर्दैनथ्यो होला । त्यी देशका कर्णधार छोराछोरी कोपिला फूल फक्रीन नपाउँदै अपराधी बन्नु पर्दैनथ्यो होला ।

आज माइला दाईको परिवार सकिदै थियो होला । यो समाज के काम मात्र गलतलाई गलत भनिदिने कोही भएन, अहिले लाज पचाएर च्वा-च्वा गर्छन् ।' उषाका मन भित्र-भित्र तर्कना उर्लदै थिए । अचानक पछाडिबाट छोरीले, 'मामु खाना पाकेन ? भोक लाग्यो ' भन्दा झसङ्ग हुन्छे उषा ।

कविता

## ए ! सरदार फर्केर जाउ



मोदनाथ मरहट्टा

अघोषित मृत्यु भय बोकेर
बहिरेछ विषालु हावा
अनिर्णित भविष्यको त्राशदीमा
उभिइरहेछ हिमाच्छादित काया
इतिहासको लेखोटमा
दर्ज हुनै लागेको एउटा जहरका विरुद्ध
फेरि एकपटक हामीले
थाप्नु पर्नेछ कटवाँसका चोटहरू
बोक्नु पर्नेछ गोलीका खतहरू
हातहरूमा जेलिन सक्छन् फलामे बाला
अदालती कठघरामा सल्काउनु छ धिपधिपे पाला
हामीसित जोल्टिएका
परम्परित ऐठन देखाएर
ढाड मुसार्दै नक्कली भोजनको थाल
अगाडि तेर्सिएको यो भुमरीका विरुद्ध
मुट्ठी उरालेर सडकमा जल्नु छ ।

वर्षौंदेखि आँगनमा भ्याङ्गीएका काँडाहरू
भर्सेलै होस् थाँती राखौं
काँडा उम्रिएका भएपनि
यो हाम्रै माटो हो
झार उम्रिएको भएपनि
यो हाम्रै पाटो हो
हामी कसैको दया मायामा
उज्यालो बाल्न मञ्जुर छैनौं
बरु बालौंला
हाम्रै भीरको सल्लाको खोटो
भो हामीलाइ चाहिन्न
सात सागर पारिका सर्दारहरूको
गाडी दौडने चिल्ला सडक
बरु चाल्ने छौं नाङ्गा पैताला
पुर्खाले खनेको गोरेटोहरूमा
हामी हाम्रा खोरियामा
कागनु झुलाउँछौं
कोदो फलाउँछौं
सिंहदरबारका स्यालहरूले
जुठो टपरी चाटे भन्दैमा
ओ याङ्की ! गो होम
तिम्रा बाउ बाजेले
जहाँ जहाँ टेकेका छन्
त्यहाँको स्वाभिमान खोसेका छन्
ओ सर्दार आफ्नो बाटो जाउ ।

## पाँच मुक्तक



आनन्द छेत्री, सिक्किम

१.
पोतिएको काजल छ, अनुहारमा कुनै रंग छैन
बलात्कार पछि साहेब ! छोरीको कुनै उमंग छैन ।
घटिरहन्छ दिनहुँ पटक-पटक यस्ता घटनाहरू
बेखबर छन् भनौंदा सरकारमा कुनै ढंग छैन ॥

२.
छन् आफन्तहरू आफ्नोपन छैन
भरोसाको लायक दह्रिलो मन छैन
बदलिँदो दुनिँया रहेछ, सम्बन्ध पनि
हुनेखानेको मिठो बोली बचन छैन ।

३.
के नै रहेन छ बराबर राख्नु होला
जीवनभरलाई अग्रसर राख्नु होला
दौड़धुप न हो आखिरलाई जिन्दगी
उँचाई छुन सक्ने रहर राख्नु होला ।

४.
याद होला नहोला मलाई भने अत्याइरहन्छ
कुनैपल नहोला सम्झनाले मुटु चस्काइरहन्छ
तिमीसित बिताएको पल भुल्न कहाँ सकुँला
बनेर मुस्कान झझल्कोले सँधै तड्पाइरहन्छ ।

५.
भत्किन्छ टाल्नु पर्ने हुन्छ जिन्दगी
सक्दो सम्हाल्नु पर्ने हुन्छ जिन्दगी
आइपर्न सक्छ बिघ्नबाधा चुनौतीहरू
समय संगै गाल्नु पर्ने हुन्छ जिन्दगी ।

# डेरिभेटिभ बजारसम्बन्धी प्रतिवेदन सार्वजनिक




**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, १२ कात्तिक ।

नेपाल राष्ट्र बैंकले नेपालमा विदेशी विनिमय डेरिभेटिभ बजारसम्बन्धी अध्ययन प्रतिवेदन तयार गरी सार्वजनिक गरेको छ । प्रतिवेदनमा नेपालमा विदेशी विनिमयमा आधारित डेरिभेटिभ बजारको प्रचलित अभ्यासको समीक्षा गरिएको छ । त्यस्तै डेरिभेटिभ उपकरणसम्बन्धी कानूनी एवं नियमनकारी ढाँचाको अवस्था र बजारको स्थितिबारे पनि विश्लेषण गरेको छ । अध्ययनले सार्क मुलुकका विदेशी विनिमय डेरिभेटिभ बजारको अवस्थाबारे पनि विश्लेषण गरेको छ । भारत, बंगलादेश, पाकिस्तान र श्रीलंकामा विदेशी विनिमय डेरिभेटिभ बजार अन्य मुलुकको तुलनामा बढी व्यवस्थित र फराकिलो देखिएको प्रतिवेदनमा उल्लेख छ । नेपालका वाणिज्य बैंकहरु फरवार्ड मार्केटमा सङ्लग्न रहेको र केही बैंकहरुले स्वाप कारोबार गर्दै आएको उल्लेख गरेको छ ।

केही फर्महरुले डेरिभेटिभ वस्तुको प्रयोग गरेको पाइएको पनि प्रतिवेदनमा उल्लेख छ । प्रश्नावली सोधिएका मध्ये १४.८ प्रतिशतले डेरिभेटिभ प्रोडक्टको प्रयोग गरेको देखिएको छ । जसमध्ये अधिकांश स्टिल तथा धातु उत्पादक फर्म रहेका छन् । तरलता, बजार सहभागिता, कानूनी व्यवस्था, विषयवस्तुको ज्ञान एवं बजार पूर्वाधारको आधारमा हेर्दा नेपालमा विदेशी विनिमय डेरिभेटिभ बजार अझै प्रारम्भिक अवस्थामा रहेको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ ।

विदेशी विनिमय डेरिभेटिभ कारोबारलाई समेट्न छुट्टै कानूनी व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको पनि प्रतिवेदनमा उल्लेख छ । यस्तै ओटिसी मार्केटलाई अझ प्रभावकारी बनाउँदै हेजिङलाई प्रोत्साहन गर्न र वैदेशिक प्रत्यक्ष लगानी आकर्षित गर्न दीर्घकालीनरुपमा प्रवर्द्धन गर्नुपर्ने कुरामा प्रतिवेदनले जोड दिएको छ ।

## कपिलवस्तुको चन्द्रौटामा मेगा बैंकको नयाँ शाखा




**काठमाडौं/मस-** मेगा बैंक नेपाल लिमिटेडले कपिलवस्तु जिल्लाको चन्द्रौटामा नयाँ शाखा विस्तार गरेको छ। बैंकले कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका वडा नम्बर ५ स्थित चन्द्रौटामा नयाँ शाखा विस्तार गरेको हो । सो शाखाले शुक्रबारबाट बैंकिङ सेवा शुरु गरेको पनि बैंकले जनाएको छ। यो शाखासँगै बैंकको कुल शाखा संख्या २ सय १ पुगेको छ। बैंकले यस आर्थिक बर्षमा १३ वटा नयाँ शाखा विस्तार गरिसकेको छ ।

## सनराइज क्यापिटलको लाभांश पारित

**काठमाडौं/मस-** सनराइज क्यापिटल लिमिटेडको एघारौं वार्षिक साधारणसभाले ४० प्रतिशत लाभांश पारित गरेको छ। शुक्रबार कमलपोखरी स्थित कम्पनीको कार्यालय मा बसेको साधारणसभाले सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ४० प्रतिशतले हुने ८ करोड रुपैयाँ कर सहित नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो । कम्पनीले हाल शेयर रजिष्ट्रार, शेयर अन्डरराइटिङ, म्युचुअल फण्ड व्यवस्थापन, लगानी व्यवस्थापन तथा कर्पोरेट एडभाइजरीको कार्य गर्दै आएको छ । साथै यस क्यापिटलले हाल सनराइज म्युचुअल फण्ड अन्तर्गत सनराईज फर्स्ट म्युचुअल फण्ड र सनराइज ब्लुचिप फण्ड योजनाको व्यवस्थापन गर्दै आएको छ ।


**साउदीमा रोजगार** | १. कम्पनी : Al Mehailib Group Company For Cement Products, शहर: Al Qassim
पूर्व स्वीकृत मितिः २०७८/०७/११ चलानी नं.: ६०१६६५७५ L.T. No.: 249363

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cement product Making Labor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Quick Solution Est for Information Technology, शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०७/१२ चलानी नं.: ६०१६६५७४ L.T. No.: 248462

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : Abaiq Yamamah Cont.Est., शहर: Saudi
पूर्व स्वीकृत मितिः २०७८/०७/०१ चलानी नं.: ६०१६६५७६ L.T. No.: 248124

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Drivers | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : Al Zawiya Industry Establishment Company, शहर: Saudi
पूर्व स्वीकृत मितिः २०७८/०७/१२ चलानी नं.: ६०१६६५८२ L.T. No.: 249504

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fitting Labor | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Labor | 5 | 0 | | 1000 | ३१,८८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ कार्तिक २० गते (6 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ४ को रु.१०,०००/- अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com



**सुनकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
मुलखर्क, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः (२०७८/०७/१३)

यस कार्यालयको मिति २०७८/०४/१७ गते सुनकोशी गाउँपालिका अन्तर्गत Supply, deliver, installation/erecton,testing and commissioning of 11/0.4-0.23 electrical distribution network at the distribution area of Sunkoshi Rural Municipality कार्यको लागि मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार E-submission मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये सबैभन्दा न्युनतम मुल्याङकित सारभुत रुपमा प्रभावग्राही तपशिलको बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ उपदफा २ को प्रयोजनार्थ यो सूचना जारी गरिएको छ ।

**तपशिल**

**ठेक्का नं.** 01/NCB/ELEWORKS/SRM/078/079

| क्र.सं. | दर्ता नं. | बोलपत्र दाताहरुको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| १. | ०४ | Renu Construciton Company Pvt. Ltd., Pulchowk, Lalitpur | ८,४१,२८,३६८।२१ |
| | | अक्षरुपी कुल रु. आठ करोड एकचालिस लाख अट्ठाइस हजार तिन सय अड्सट्ठी रुपैया र पैसा एक्काइस मात्र । | |

प्रमुख प्रशासकीय अधिकृत



**कुसे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
थर्पु भार्म, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

नेपालीहरूको महान चाड **शुभ दीपावली तथा छठ पर्व २०७८**को पावन अवसरमा समस्त पालिकावासी, देश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा बुबा, दाजुभाइ तथा दिदिबहिनीहरुमा कोरोना महामारीको यस बिषम परिस्थितीमा स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी संक्रमणको उच्च जोखिमलाई ध्यान दिएर पर्व मनाउन हुन आग्रह गर्दछौं । शुभ दीपावली तथा छठ पर्वलाई बिकृतीको रुपमा हैन, नेपाली संस्कृतीको रुपमा मनाऔं ।

**जनहितमा जारी सन्देश**

- सर्वसाधारण सबैले मास्कको अनिवार्य प्रयोग गर्ने, सामाजीक दुरी कायम गर्ने, समय समयमा साबुन पानीले हात धुने वा स्यानिटाईजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरौं ।
- चाडपर्वहरु मनाउदा स्वास्थ्य सम्बन्धी मापदण्डको पुर्ण पालना गरी न्युनतम सहभागितामा सांङ्केतिक रुपमा सकेसम्म घरभित्रै परिवारका व्यक्तिहरु मात्र सामेल हुने गरि मनाउ ।
- सर्वसाधारण व्यक्ति, समुह तथा संस्था लगायतका निकायहरुबाट आर्थिक, सामाजीक, व्यवसायिक तथा अन्य गतिबिधीहरु संचालन गर्दा मास्कको अनिवार्य प्रयोग गरौं, भौतिक दुरी कायम गरौं, पटक पटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गरौं ।
- फोहोर जथाभावि नफालौं, कुहिने र नकुहिने फोहोर छुटाएर मात्र नगरपालिकाको ट्रायक्टरमा उपलब्ध गराऔं ।
- नगरपालिकाबाट घर नक्सापास अनुमति लिएर मात्र घर निर्माण गरौं ।
- सडक क्षेत्रमा पर्ने गरी ढुङ्गा, गिटी, बालुवा, रड, इँटा जस्ता निर्माण सामाग्री नराखौं ।
- पशुपंक्षी छाडा नछाडौं एवम् सडक तथा सार्वजनिक क्षेत्रमा पर्ने गरी पसल व्यवसाय नगरौं ।
- नगरपालिकाको इजाजत लिएर मात्र नगर क्षेत्रमा पसल व्यवसाय तथा उद्योग सञ्चालन गरौं ।
- पसलमा बिक्री गरिने सामानको मूल्यसूची सबैले देख्ने ठाउँमा राखौं र म्याद नाघेका सामान बिक्री नगरौं ।
- सार्वजनिक पार्क एवम् फुलबारीको संरक्षण गरौ र शहरी सभ्यताको परिचय दिऔं ।
- पर्यटकीय नगरमा आउनु हुने पाहुनाहरूलाई सत्कार र सम्मान गरी पर्यटनमैत्री वातावरण सिर्जना गरौं ।
- कोभिड-१९ कोरोना भाईरसको महामारीबाट जोगिन भौतिक दुरी कायम गर्दै सुरक्षा सतर्कता अपनाउँ, साथै कोरोना भाईरसबाट आफु पनि बचौ, अरुलाई पनि बचाऔं ।

हरिचन्द्र बस्नेत — अध्यक्ष
रामछाया शाही — उपाध्यक्ष
मान बहादुर गिरि — प्रमुख प्रशासकीय अधिकृत
तथा
**कुसे गाउँपालिका,**
परिवार



**कतारमा रोजगारको अवसर** | कम्पनी: G4S Qatar W.L.L, शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७७/०९/०९ चलानी नं.: ६०१५३९३८ LT. No.: 235512 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Cleaner Worker | 40 | 0 | स. काममा दक्ष | 1000 | ३२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता रामजानकी ट्रेनिङ सेन्टर, जनकपुर धनुषामा २०७८ कातिक २२ गते (8 Nov 2021) मा हुनेछ ।
शाखा कार्यालय चितवन भरतपुरमा २०७८ कात्तिक २३ गते (9 Nov 2021) मा हुनेछ ।
शाखा कार्यालय बुटवल रुपन्देहीमा २०७८ कात्तिक २४ गते (10 Nov 2021) मा हुनेछ ।
शाखा कार्यालय पोखरा कास्कीमा २०७८ कात्तिक २४ गते (11 Nov 2021) मा हुनेछ ।
शाखा कार्यालय विर्तामोड, झापामा २०७८ कात्तिक २६ गते (12 Nov 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोनः ४९८८७५४, ४९८८७५५, मो. : ९८०३५६७८२९,९८४१२२१६७४
Chitwan Branch : 056-522876, 9855060686 Pokhara : 061-551158, 9846031923
Butwal : 071-541534, 9857077872, Birtamod : 023-534105, 9806091708
E-mail : info.pukaragency@gmail.com,
www.pukaroverseas.com



**साउदीमा रोजगार** | कम्पनी : THE BEST FOOD TRADING COMPANY, शहर: RIYADH
पूर्व स्वीकृत मितिः२०७८/04/१३ चलानी नं.:६०१६०८५४ LT. No.: 241922 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dish Cleaner | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 5 | 0 | | 1000 | ३१,८८० | | | | | | | |
| 3. | General Worker | 5 | 0 | | 1000 | ३१,८८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कात्तिक २२ गते (8, November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**नाशा ह्यूमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ८३१/०६६/०६७
महाराजगंज, चक्रपथ-३, काठमाडौं, फोनः ०१- ४३७९६७७ मोः९८६९०७८९२८



**कतारमा वैदेशिक रोजगारको अवसर**
कम्पनीः INTERNATIONAL ENGINEERING & GENERAL CONTRACTING, शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०४/१५ चलानी नं.: ६०१६०८७८ LT. No.: 243214 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 1700 | ५५,८२८ | | | | | | | |
| 3. | Accountant | 1 | 0 | | 3600 | १,१८,२२४ | | | | | | | |
| 4. | Mechanic | 1 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |
| 5. | Pipe Welder | 1 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |
| 6. | Heavy Vehicle Driver | 5 | 0 | | 1900 | ६२,३९६ | | | | | | | |
| 7. | construct Tech | 8 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |
| 8. | foreman | 2 | 0 | | 2500 | ८२,१०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २० गते (6 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Red Coral Associates Pvt. Ltd.**
Group Of Companies
Gov. Lic. No. 625/063/064
Buddhanagar-10, Kathmandu, Tel.: 4797078, 4797278
Mo.: 9851171385, 9851171383, 9851171384



**साउदीमा रोजगार** | कम्पनीः ALNAFIE METAL INDUSTRIES CO. LTD, शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०७/१२ चलानी नं.: ६०१६६५४५ L.T. No.: 248646

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कात्तिक २० गते (6 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अक्टोपस ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. १०१४/०६८/०६९
राजाजनक मार्ग-३२, तिनकुने, काठमाडौं, नेपाल, फोन : ४११२१४२, ४११२१४५



**UAE मा रोजगारको अवसर** | कम्पनीः IDEAL SERVICES (L.L.C.), शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/०७/१२ चलानी नं.: ६०१६६५५१ LT. No.: 249482

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 30 | 0 | स. काममा दक्ष | 1000 | ३२,५६० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Pest Control | 15 | 0 | | 1200 | ३९,०७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २० गते (6 Nov. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/ कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**K.S.B. International Pvt. Ltd.**
Govt. Lic. No. 1394/074/075
Sinamangal, Kathmandu, Nepal, Tel.: 01–4484933, Mo. 9849672099
E-mail : info@ksbinternational.net, Web.: www.ksbinternational.net

# ए डिभिजन लिगको तालिका सार्वजनिक

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ कात्तिक




सहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताको खेल तालिका सार्वजनिक भएको छ ।

अखिल नेपाल फुटबल संघ एन्फाले शुक्रबार सार्वजनिक गरेको खेल तालिका अनुसार कात्तिक २९ गते हुने उद्घाटन खेलमा फ्रेन्ड्स क्लब र सातदोबाटो युथ क्लब भिड्ने भएका छन् ।

त्रिपुरेश्वस्थित दशरथ रंगशालामा हुने उद्घाटन खेल बेलुका ५ बजेबाट शुरु हुने बताइएको छ । सातदोबाटोले पहिलो पटक 'ए' लिग खेल्न लागेको हो । सातदोबाटो 'बी' लिगको विजेता बन्दै शीर्ष डिभिजनमा बढुवा भएको हो ।

लिगमा १४ क्लबले प्रतिस्पर्धा गर्ने छन् । यसपटक लिगको पुछारका दुई टिम रेलिगेसनमा पर्दै 'बी' डिभिजनमा झर्ने छन् । अघिल्लो संस्करणको उपाधि मछिन्द्र क्लबले जितेको थियो ।

लिगमा साबिक विजेता मछिन्द्र, उपविजेता त्रिभुवन आर्मी, मनाङ मर्स्याङ्दी, थ्री स्टार, नेपाल पुलिस, जावलाखेल युथ, न्युरोड टिम (एनआरटी), हिमालयन शेर्पा, ब्रीगेड ब्वाइज, फ्रेण्ड्स, एपीएफ, च्यासल युथ, संकटा रसातदोबाटो युथले प्रतिस्पर्धा गर्नेछन् । एन्फाले अहिलेलाई शुरुवाती २ चरणको मात्र खेल तालिका सार्वजनिक गरेको छ । अरु खेल तालिका पछि सार्वजनिक हुनेछ । सुरुवाती तालिका अनुसार खेल त्रिपुरेश्वस्थित दशरथ रंगशाला र सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा हुनेछ ।

लिग विजेता टोलीले ७५ लाख, उपविजेताले ५० लाख तथा २५ लाख रुपैंया प्राप्त गर्नेछन् । प्रतियोगिताको उत्कृष्ट खेलाडीले गोल्डेन बल प्राप्त गर्दा सर्वाधिक गोलकर्ताले गोल्डेन बुट तथा उत्कृष्ट गोलरक्षकले गोल्डेन ग्लोभ्स प्राप्त गर्नेछन् । यी खेलाडीसँगै उदियमान खेलाडीले नगद पुरस्कार पनि प्राप्त गर्नेछन् ।

# नेपाल समूह चरणबाटै बाहिरियो

**काठमाडौं, मस-** नेपाल एएफसी यू-२३ एसियन कप छनोटमा नेपाल समूह चरणबाटै बाहिरिएको छ ।

बिहीबार आयोजक ताजकिस्तानसँग ६-० गोल अन्तरले पराजित हुँदै नेपालले लगातार दोस्रो हार ब्यहोरेको हो । नेपाल पहिलो खेलमा इरानसँग ४-० गोल अन्तरले पराजित भएको थियो । ताजकिस्तानसँगको हारसँगै नेपाल छनोटको समूह चरणबाटै बाहिरिएको छ । ताजकिस्तानलाई जित दिलाउन शेभीनी माबत्शोएभ, शारफजोन सोलेहोभ, रुस्तम सोइरोभ, मुहम्मादली अजिजबोएभ, भादत हानोनोभ र इमोमाली अखामादखोनले एक एक गोल गरेका थिए । ताजिकिस्तानको लगातार दोस्रो जित निकालेको हो । पहिलो खेलमा ताजकिस्तानले लेबनानलाई हराएको थियो । अब नेपालले अन्तिम खेलमा लेबनानसँग आइतबार खेल्नेछ ।

# भेट्रान्स कपको सेमिफाइनल समीकरण पूरा

**काठमाडौं, मस-** एफडी खुमलटार, झापा र एसएनकेसीले शुक्रबार आ-आफ्नो खेल जित्दै मेयर कप भेट्रान्स फुटबल प्रतियोगिताको सेमिफाइनलमा स्थान बनाएका छन् । यससँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न क्वार्टरफाइनलमा एफडी खुमलटारले फ्रेन्ड्स क्लब भेट्रान्सलाई ५-० ले हराउँदै अन्तिम चारमा स्थान पक्का गरेको हो । एफडी खुमलटारले पाँचौ मिनेटमा रितेश खड्काको गोलबाट अग्रता लिएको थियो । ५१ औं मिनेटमा भगवान थापाले अग्रता दोब्बर बनाएका थिए । त्यसको चार मिनेट वित्न नपाउँदै वैकल्पिक खेलाडी निमा लामाले अर्को गोल थपेका थिए । ५७ औं मिनेटमा तासी छिरिङले चोथो गोल गरेका थिए । अन्तिम मिनेटमा रितेशले व्यक्तिगत दोस्रो गोल थप्दा एफडीले सहज जित निकाल्दै अन्तिम चारमा स्थान पक्का गरेको छ । एफडी खुमलटारले अब फाइनल प्रवेशका लागि एसएनकेसीसँग प्रतिस्पर्धा गर्नेछ । एसएनकेसीले शुक्रबार सम्पन्न अन्तिम क्वार्टरफाइनलमा पोखरा-११ भेट्रान्सलाई ४-१ ले हराएको छ । पोखरा-११ ले १२ औं मिनेटमा मनोजकुमार गुरुङको गोलबाट अग्रता लिएको थियो । तर, पोखराले अग्रता जोगाउन सकेन । एसएनकेसीका दिनेश व्यजनकारले २१ औं मिनेटमा बराबरी गोल फर्काएका थिए । बालगोपाल साहुले ४१ औं मिनेटमा गरेको गोलबाट एसएनकेसीले अग्रता लिएको थियो ।

## श्री सुर्खेत जिल्ला अदालतबाट जारी भएको जिल्ला दैलेख, पगनाथ गा.वि.स. वडा नं. ७ को हाल भगवतीमाई गाउँपालिका वडा नं. १ बस्ने सेते थापाकी नातिनी, मानबहादुर थापाको छोरी, दीपकबहादुर खड्काकी श्रीमति वर्ष ३२ कि सुनिता खड्काका नाउँको समाह्वान म्याद...............

उप्रान्त बादी सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. १२ चनौटे बस्ने टिकाराम गौतमको नाति, शिवराज गौतमको छोरा वर्ष १७ को शैलेश गौतम, सामना गौतम र एलिना गौतमको हकमासमेत बेदनिधि वाग्लेको छोरी, टीकाराम गौतमको बुहारी, शिवराज गौतमको श्रीमति वर्ष ४१ कि लक्ष्मी वाग्ले गौतम आगे प्रतिवादी ऐ.ऐ. बस्ने बासुदेव गौतमको नाति, टीकाराम गौतमको छोरा वर्ष ४४ को शिवराज गौतमसमेत भएको मु.र.नं. ७८-०७७-००६६७ (०७७-C४-०१००) को जालसाज मुद्दा मिति २०७७/१०/२० गते यस अदालतमा दायर भएकाले तपाईका नाउँमा यो समाह्वान म्याद जारी गरी पठाइएको छ । यो समाव्हान म्याद प्रकाशित भएका मितिले बाटाको म्यादबाहेक २१ (एक्काइस) दिनभित्र आफ्नो प्रमाणसहित आफै वा कानुन बमोजिम वारेसमार्फत लिखित रुपमा प्रतिउत्तर लिई हाजिर हुन आउनु होला । नआई अटेर गरेमा मुद्दा कानुन बमोजिम फैसला हुने छ । पछि तपाईको कुनै उजुर बाजुर लाग्ने छैन् ।

## श्री सुर्खेत जिल्ला अदालतबाट जारी भएको जिल्ला सुर्खेत, वीरेन्द्रनगर नगरपालिका वडा नं. १२ बस्ने ऐमान खड्काको नाति, मानबहादुर खड्काको छोरा वर्ष २६ को राजेन्द्र खड्काका नाउँको समाह्वान म्याद...............

उप्रान्त बादी सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. १२ चनौटे बस्ने टिकाराम गौतमको नाति, शिवराज गौतमको छोरा वर्ष १७ को शैलेश गौतम, सामना गौतम र एलिना गौतमको हकमासमेत बेदनिधि वाग्लेको छोरी, टीकाराम गौतमको बुहारी, शिवराज गौतमको श्रीमति वर्ष ४१ कि लक्ष्मी वाग्ले गौतम आगे प्रतिवादी ऐ.ऐ. बस्ने बासुदेव गौतमको नाति, टीकाराम गौतमको छोरा वर्ष ४४ को शिवराज गौतमसमेत भएको मु.र.नं. ७८-०७७-००६६७ (०७७-C४-०१००) को जालसाज मुद्दा मिति २०७७/१०/२० गते यस अदालतमा दायर भएकाले तपाईका नाउँमा यो समाह्वान म्याद जारी गरी पठाइएको छ । यो समाव्हान म्याद प्रकाशित भएका मितिले बाटाको म्यादबाहेक २१ (एक्काइस) दिनभित्र आफ्नो प्रमाणसहित आफै वा कानुन बमोजिम वारेसमार्फत लिखित रुपमा प्रतिउत्तर लिई हाजिर हुन आउनु होला । नआई अटेर गरेमा मुद्दा कानुन बमोजिम फैसला हुने छ । पछि तपाईको कुनै उजुर बाजुर लाग्ने छैन् ।


**साउदीमा रोजगार** | कम्पनी: ROAD CREATIONS GENERAL CONTRACTING CORPORATION शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०६/१८ चलानी नं.: ६०१६६५४६ LT. No.: 247620

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Maintance Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा, २०७८ कात्तिक २० गते (6 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.**
Lic No. 1128/073/074
Sinamangal-09, Tara Hall Chowk, Kathmandu, Tel: 4110567, 9843324899, 9869320820, 9808768683/ 9841769830
E-mail: info@succesnepalhr.con, successnepalhr@gmail.com, Web.: www.successnepalhr.com



**युएईमा रोजगारको अवसर** | कम्पनी: GUARD FORCE SECURITY SERVICES शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/१२ चलानी नं.: ६०१६६५५० LT. No.: 249576

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,०७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Officer | 0 | 3 | | 1200 | ३९,०७२ | | | | | | | |
| 3. | Life Guard | 19 | 0 | | 1200 | ३९,०७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ कात्तिक २० र २१ गते (6 & 7 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 2**/058/059
**STEVAND GURKHA OVERSEAS SERVICES PVT. LTD.**
G.P.O. Box. No. 8975, Sanepa Height, Kathmandu, Nepal.
Tel:- 01-5549800
Email: stevandgur@wlink.com.np, stevand.gurkha@gmail.com
Website: www.stevandgurkha.com



**कतारमा रोजगार** | १. कम्पनी: EXBLOWRA TRADING & CONTRACTING CO. W.L.L. शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७६/१०/०६ चलानी नं.: ६०१५०२१८ L.T. No.: 231047 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black Smith | 17 | 0 | स. काममा दक्ष | 1100 | ३६,१२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 4 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |
| 3. | Building Worker | 9 | 0 | | 900 | २९,२५६ | | | | | | | |
| 4. | Carpenter | 11 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |
| 5. | Ceramic Worker | 6 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |
| 6. | Decoration Tech | 2 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |
| 7. | Driver | 5 | 0 | | 2200 | ७२,२४८ | | | | | | | |
| 8. | Electrician General | 2 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |
| 9. | Electric | 5 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |
| 10. | Foreman | 3 | 0 | | 2500 | ८२,१०० | | | | | | | |
| 11. | Gypsum Technician | 14 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |
| 12. | General Supervisior | 1 | 0 | | 3000 | ९८,५२० | | | | | | | |
| 13. | Labourer | 62 | 0 | | 900 | २९,२५६ | | | | | | | |
| 14. | Tile Maker | 21 | 0 | | 1100 | ३६,१२४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २० गते (6 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ र २ को रु १०,००० अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mechi International Overseas Pvt. Ltd.**
Gov. Lic No. 1313/074/075
Sinamangal, Kathmandu, Nepal
Tel: +977- 1- 4487000, Fax: +977- 1- 4116650, Mob.: 9822600100, 9822600500
Email: info@mechioverseas.com.np, Web: www.mechioverseas.com.np



**युएईमा रोजगार** | कम्पनी: DISCOVERY EMPLOYMENT SOLE PROPRIETORSHIP LL शहर : UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/१२ चलानी नं.: ६०१६६५४७ LT. No.: 249418

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 100 | 0 | स. काममा दक्ष | 800 | २६,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ कात्तिक २० गते (6 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 247/058/059
**H.R. International Employment Services Pvt. Ltd.**
(SCM MANPOWER COMPANY PVT. LTD.)
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9808750742, 9801009400, 9803473935, 9801128811, 9807756822
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com



**साउदीमा रोजगार** | कम्पनी: AL DANA PACKAGING FACTORY शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०७/१२ चलानी नं.: ६०१६६५७३ LT. No.: 249558

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कात्तिक २० गते (6 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-4112559, 4112586
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np



**साउदीमा रोजगार** | कम्पनी: RAKAZ FUTURE GENERAL CONTRACTING EST. शहर: AL-WAHA MALL

पूर्व स्वीकृत मिति: २०७८/०१/१६ चलानी नं.: ६०१५८१८० L.T. No.: 238845 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factors | 9 | 0 | स. काममा दक्ष | 1000 | ३१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ कात्तिक २० गते (6 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०



**बहराइनमा रोजगार** | कम्पनी : MODERN GLOBAL CLEANING CO. W LL शहर : BAHRAIN

पूर्व स्वीकृत मिति: २०७८/०७/११ चलानी नं.: ६०१६६४९७ LT. No.: 249492

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 40 | 0 | स. काममा दक्ष | 100 | ३१,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २० गते (6 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Target H.R. Solution Pvt. Ltd.**
इजाजत पत्र नं. १३९७/०७४/०७५
Sinamangal-09, Kathmandu, Tel : 01-4116605 | P.O. Box: 3040
E-mail: targethrs2018@gmail.com | Web: Www.targethrs.com



**साउदीमा रोजगारको अवसर** | कम्पनी : ABDULLAH BIN TALEB FOR CONTRACTING CO. शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०७/१२ चलानी नं.: ६०१६६५५८ LT. No.: 249510

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कात्तिक २० गते (6 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com



**साउदीमा रोजगार** | कम्पनी: Jeddah Institute for Speech & Hearing शहर : Jeddah

पूर्व स्वीकृत मिति: २०७८/०७/११ चलानी नं.: ६०१६६५६३ LT. No.: 247749

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक २० गते (6 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Kathmandu Bright Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १३९८/०७४/०७५
Boudha-6, Kathmandu, Tel: 01- 4427474, 4429557
Email: info@kathmandubrighthr.com | Web.: www.kathmandubrighthr.com

# बक्स अफिस समाचार



## अदिती अभिनित ‘बाबरी’को छायांकन पुनः शुरु

अदिती बुढाथोकीको अभिनय रहेको फिल्म ‘बाबरी’को छायांकन पुनः शुरु भएको छ। गत बैशाखमा पूर्वको लेटाङमा शुभमुहूर्त गर्दै निर्देशक सुरेन्द्र पौडेलले फिल्म ‘बाबरी’ को छायांकन शुरु गरेका थिए। तर, कोरोना महामारीको दोस्रो लहर भयावह रुपमा फैलिएपछि नेपालमा एउटा गीत मात्र खिच्न बाँकी राखेर छायांकन पोस्टपोन्ड गरियो। बिहीवारबाट फिल्मको दोस्रो चरणको छायांकन शुरु भएको हो। अहिले काठमाडौंमा फिल्मको गीतको छायांकन भइरहेको छ।

गीतको छायांकन सकिएपछि फिल्मको बाँकी छायांकन भारतको दार्जिलिङमा गरिने निर्मात्री पुष्पा बुढाथोकीले जानकारी दिइन्। भाइटीकाको भोलीपल्ट (कात्तिक २१ गते) निर्माण टिम दार्जिलिङ जानेछ। फिल्मको छायांकन अधुरैमा रोकिएपछि मुम्बई गएकी अभिनेत्री अदिती बुढाथोकी दशैंअघि नेपाल आएकी थिइन्। यो फिल्ममा उनको जोडी अभिनेता धिरज मगरसँग बाँधिएको छ।

‘बाबरी’ मा नेपाली फिल्मकी पुरानी अभिनेत्री तृप्ती नाडकरका छोरा धिरज टोटलानीको पनि मुख्य भूमिका रहेको छ। नेपालमा उनको भागको छायांकन पूरा भइसकेको छ। अब उनी बाँकी छायांकनका लागि मुम्बईबाट सिधै दार्जिलिङ जानेछन्। फिल्ममा तृप्तीको पनि अभिनय रहने बताइएको छ। फिल्मलाई यस वर्षको अन्तिम (नयाँ वर्ष) मा प्रदर्शन गर्ने निर्माण टिमको लक्ष्य छ।

फिल्ममा नरेन्द्र मैनालीको छायांकन, एन्जिला खत्रीको कोरियोग्राफी, कालीप्रसाद बाँस्कोटा, अनमोल गुरुङ र सुजन चापागाईंको संगीत रहेको छ। पहिला यो फिल्ममा अभिनेत्री अदिती बुढाथोकीको अपोजिटमा गायक नितेशजंग कुँवर अनुबन्धित भएका थिए। तर, सुटिङमा निस्कने समयमा उनले पारिवारिक कारण देखाउँदै फिल्ममा काम नगर्ने निधो गरेपछि धिरज मगर भित्रिएका हुन्।

“ फिल्मको छायांकन अधुरैमा रोकिएपछि मुम्बई गएकी अभिनेत्री अदिती बुढाथोकी दशैंअघि नेपाल आएकी थिइन् ।

## ‘कीर्तिपुर सिनेप्लेक्स’ सञ्चालनमा




**काठमाडौं/मस–** कोरोना महामारीका कारण देशभर सिनेमा हल बन्द हुने क्रम जारी छ। तर, अर्कोतिर ठूलो लगानीमा सुविधा सम्पन्न हल खुल्ने क्रम पनि बढेको छ। यसबीच, शुक्रवारबाट कीर्तिपुरको पागामा नयाँ सिनेमा हल सञ्चालनमा आएको छ। ‘लुट’ निर्माता नरेन्द्र महर्जन र उनको टिमले ठूलो लागतमा निर्माण गरेको ‘कीर्तिपुर सिनेप्लेक्स’ कोशुक्रवार औपचारिक रुपमा उद्घाटन गरियो। नेपाली भाषाको फिल्म ‘हिसिमति’ र हलिउड फिल्म ‘भेनम’ प्रदर्शन गर्दै सञ्चालनमा आएको हलमा अर्को हप्ताको शुक्रवारबाट बलिउड फिल्म ‘सूर्यवंशी’ रिलिज हुनेछ। अहिले यो हलमा एउटा मात्र पर्दा छ। केही महिनामा अर्को पर्दा तयार हुने सञ्चालक महर्जनले जानकारी दिए। उच्च प्रविधि प्रयोग गरेर खोलिएको हलमा एकसाथ २ सय ८५ जना दर्शकले फिल्म हेर्न सक्नेछन्।

‘कीर्तिपुर सिनेप्लेक्स’ को उद्घाटन कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दयाराम दाहाल, कलाकारहरु दीपकराज गिरी, स्वस्तिमा खड्का, निर्माता छविराज ओझा, निर्देशक निश्चल बस्नेत, दीपाश्री निरौला, शोभित बस्नेत लगायतको उपस्थिति रहेको थियो। उनीहरुले यस्तो विषम परिस्थिति पनि नयाँ हल सञ्चालनमा आउनु फिल्म क्षेत्रका लागि अत्यन्त सुखद कुरा रहेको बताए।

नरेन्द्र महर्जन हेटौंडामा रहेको ओम्याक्स हल र सर्लाहीको लालबन्दीस्थित विणा चलचित्र मन्दिरका पनि सञ्चालक हुन्। फिल्म निर्माण र वितरणमा विगत दुई दशकभन्दा लामो समयदेखि सक्रिय रहेका उनले ‘लुट’ सँगै ‘मिसन पैसा २ : रिलोडेड, संरक्षण, फन्को, लभ सभ र लुट २’ को निर्माण गरेका छन्। उनी राम्रो फिल्म प्रदर्शनमा आए हलसम्म दर्शक आउनेमा पूर्ण विश्वस्त छन्।

## पशुपति र लक्ष्मीको ‘दोहोरीको राजा’



**काठमाडौं/मस–** दरबार भित्रको पारिवारिक मनोरञ्जनको विषय समेटिएको गीत ‘दोहोरीको राजा’ सार्वजनिक भएको छ। पहिले राजाहरूले विभिन्न ठाउँका राजाहरूलाई बोलाई सांस्कृतिक मञ्चन गराउने परम्परा गीतमा झल्काउन खोजिएको छ।

पशुपति शर्मा र लक्ष्मी मल्लको स्वर रहेको गीतमा नकुल ढकालको शब्द तथा हेमन्त कान्छाको संगीत रहेको छ। गीतमा अञ्जली अधिकारी, लोमुस शर्मा, सुरवीर पण्डित, शीतल शर्मा, आसिम शर्मा, नकुल ढकाल, शोभा ढकाल लगायतको अभिनय रहेको छ। सन्तोष राज वाहकको कोरियोग्राफी रहेको गीतमा उत्सव दाहालले छायांकन र निशान कश्यपको सम्पादन तथा निर्देशन छ।

## दीपकको व्यंग्य– ‘बार’को अगाडि ‘रेष्टुरेन्ट’ थप्नुपर्ने हो कि ?



**काठमाडौं/एजेन्सी–** नेपाल बार एशोसिएसन परिसरमा शुक्रबार दुई कानून व्यवसायीबीच कुटाकुट भएको भिडियो सामाजिक सञ्जालमा भाइरल भइरहेको छ। शुक्रबार दिउँसो कानून व्यवसायी विराट न्यौपाने र भूमिनन्द चुँडालबीच कुटाकुट भएको हो।

प्रधानन्यायधीश चोलेन्द्र शमशेर जबराको राजीनामाको माग गर्दै न्यायधीशहरुले इजलास बहिस्कार गरेपछि यही विषयमा भनाभन हुँदा दुई कानून व्यवसायीबीच हात हालाहालको अवस्था आएको हो।

यही विषयमा केन्द्रीत रहेर अभिनेता तथा निर्माता दीपकराज गिरीले सामाजिक सञ्जालमा एक स्टाटस लेखेका छन्। उनले अब ‘बार’को अगाडि ‘रेष्टुरेन्ट’ शब्द पनि थप्नुपर्ने हो कि भन्ने सुझाव दिएका छन्।

‘कानून व्यवसायीहरू को संस्था ‘बार’ को अगाडि ‘रेष्टुरेन्ट’ शब्द पनि थप्ने हो कि ? त्यसपछि रेष्टुरेन्ट एन्ड बार हुन्थ्यो। त्यसपछि जति कुटाकुट गरे पनि हुन्थ्यो !!!’, उनले लेखेका छन्।

## साउथ स्टार पुनीतको निधन

**काठमाडौं/एजेन्सी–** दक्षिण भारतका चर्चित अभिनेता पुनीत राजकुमारको निधन भएको छ। शुक्रबार बिहान उनको स्वास्थ्यमा अचानक समस्या आएपछि उनलाई बेंग्लुरुको विक्रम अस्पतालमा भर्ना गरिएको थियो। अस्पतालमा भर्ना भएका पुनीतको निधन भएको भारतीय मिडियाले पुष्टि गरेका छन्।

अस्पतालमा भर्ना भएसँगै पुनीतको स्वास्थ्य लाभको कामना गर्दै फ्यानहरु अस्पताल परिसरमा पुगेका थिए। पुनीतलाई उनका फ्यानहरु ‘अप्पु’ उपनामले सम्बोधन गर्छन्। उनी सफल कलाकार राजकुमारका छोरा हुन्।

उनले २९ भन्दा बढी कन्नड चलचित्रमा काम गरेका छन्। उनको ४६ बर्षको उमेरमा निधन भएको मिडियाले उल्लेख गरेका छन्। पुनीतले आफ्नो करिअरको सुरुवात बाल-कलाकारको रुपमा गरेका थिए। उनले राष्ट्रिय अवार्ड समेत पाइसकेका छन्।

पुनीतको जन्म सन् १९७५ मार्च १७ मा भएको हो। भारतको चेन्नईमा जन्मिएका पुनीतको कन्नड चलचित्रमा राम्रो क्रेज थियो। उनले ‘अप्पु, अभी, भिरा कन्नडिगा, आकाश, अजय, अर्सु, मिलाना, भाम्सी, राम, ज्याकी, हुडगुरु’ लगायतका चलचित्रमा अभिनय गरेका थिए।

निधन भएपछि कर्नाटक राज्य सरकारले बिदाको घोषणा गरेको छ। राज्य सरकारले राज्यमा भएका सबै थिएटर बन्द गरेको छ। पुनीतको फ्यानलाई नियन्त्रणमा लिनका लागि कैयौं इलाकामा धारा १४४ लागु गरिएको छ। पुनीतको निधनपछि कर्नाटकका मुख्यमन्त्री बसवराज बोम्मई बेङ्लुरु अस्पताल पुगेका थिए। पुनीतको निधनपछि उनको निवासमा फ्यानको भीड लागेको छ।



प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**